# Content


खण्ड १ : भूमिका :........................................................................1

१.१ पृष्ठभूमि :........................................................................1

१.२ नगर पार्श्वचित्र तयारीको उद्देश्यहरु :........................................................................1

१.३ अध्ययनको महत्व :........................................................................2

१.४ अध्ययनको औचित्य :........................................................................2

१.५ अध्ययन विधि :........................................................................3

१.६ अध्ययनका सीमाहरु :........................................................................3

खण्ड : २ ........................................................................5

२.१ पाटन नगरपालिकाको संक्षिप्त परिचय :........................................................................6

२.२ स्थापना : ........................................................................8

२.३ भौगोलिक अवस्थिति :........................................................................12

२.४ भू-बनावट :........................................................................13

(क) बेसी : ........................................................................13

(ख) पहाडी क्षेत्र :........................................................................13

(ग) मध्य पहाडी भू-भाग : ........................................................................13

२.५ माटोको वनावट र उर्वराशक्ति : ........................................................................13

क) पाँगो माटो : ........................................................................13

ख) बलौटे माटा ....................................................................14

२.६ भू-क्षेत्रको बर्गिकरण : ....................................................................14

क) क वर्ग....................................................................14

ख) ख भिराला....................................................................15

ग) ग भिराला ....................................................................15

घ) घ भिराला ....................................................................16

ङ) ङ भिराला....................................................................17

२.७ हावापानी :....................................................................17

२.८ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर :....................................................19

२.९ नगरपालिकाको अवसर र सम्भावनाहरु :....................................................21

२.१० नगरपालिकाको समस्या र चुनौतीहरु :....................................................21

२.११ नगरपालिकाको अन्तर नगर/गाउँसम्बन्ध : ....................................................22

२.१२ सिमसार क्षेत्र : ....................................................................22

२.१३ मुख्य नदी तथा ताल तलैयाहरु :....................................................22

२.१४ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु :....................................23

२.१५ मुख्य चाडपर्वहरु : ....................................................................24

२.१६ सँस्कृति, कला, भाषा र साहित्य :....................................................25

खण्ड ३ : जनसाङ्खिक विवरण :....................................................................27

३.१ जनसंख्याको विवरण :....................................................................27

३.२ वडा अनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण :....................................30

३.३ १० वर्ष वा सो भन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण :......................35

३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण : ......................................................36

३.५ उमेर समूहअनुसार जनसंख्याको विवरण :......................................................37

३.६ जातजाति समूह अनुसार जनसंख्याको विवरण :..............................................39

३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण........................................................45

क) आदिवासी ..........................................................................................47

ख) सिमान्तकृत तथा उत्पीडित समुदाय .......................................................48

ग. धर्म : ....................................................................................................48

३.८ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण : ........................................49

३.९ घरमूलीको लैङ्गिक विवरण : .......................................................................50

३.१० महिलाको नाममा भएको घरको स्वामित्वको विवरण :.....................................52

३.११ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण :.................................................54

३.१२ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण :.........................................55

३.१३ छानाको आधारमा घरको बनोटको विवरण :..................................................57

क) घर निर्माणका किसिमहरु :.....................................................................60

३.१४  बसाई सराईको अवस्था :.........................................................................60

३.१५ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण : .....................................................60

खण्ड ४ : भू-उपयोग..........................................................................................65

४.१ नगरपालिकाको भू-उपयोगको विवरण :.........................................................65

४.२ वस्ती विकासको स्वरुप :............................................................................67

४.३ क्रमिक विकास भैरहेका बस्तीहरूको वर्तमान स्वरुप : .......................................... 68

४.४ भू-क्षय सम्भावित क्षेत्र : .......................................................................... 69

४.५ भूक्षय तथा प्रकोप : ................................................................................ 70

४.६ नगरपालिका क्षेत्रमा हुन सक्ने संभावित प्रकोपको विवरण : ..................................... 71

खण्ड : ५ आर्थिक क्षेत्र तथा रोजगारको स्थिती ............................................. 72

५.१ नगरपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप : .......................................... 72

५.३ आश्रित जनसंख्याको विवरण :.................................................................. 73

५.४ कृषि : .................................................................................................. 74

(क) हिउँदे बाली : ...................................................................................... 75

(ख) वर्षे बाली............................................................................................. 75

५.४.१ कृषिजन्य बाली सम्बन्धी विवरण : ........................................................... 75

५.४.२ कृषि बालीमा लाग्ने रोग :...................................................................... 75

५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण : ........................................... 76

५.४.४ बाली पात्रो : ......................................................................................... 76

५.४.५ कृषि बजारीकरण :................................................................................ 77

५.४.६ कृषि पकेट क्षेत्रको बिबरण :................................................................... 78

५.४.७ मौरीपालन : .......................................................................................... 79

५.४.८ जग्गाको उर्वराशक्ति : ............................................................................ 80

५.४.९ एग्रोभेट सम्बन्धि विवरण : ..................................................................... 80

५.५ सिंचाइ :.................................................................................................. 80

५.६ पशुपालन : ....................................................................... 81

५.६.१ पशु नश्ल :....................................................................... 81

५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु : ....................................................................... 82

५.६.३ डेरी उद्योगको विवरण : ....................................................................... 82

५.६.४ मासु बजारीकरण :....................................................................... 83

५.६.५ दाना उद्योग सम्बन्धी विवरण :....................................................................... 83

५.७ पर्यटन :....................................................................... 83

५.८ उद्योग : ....................................................................... 84

५.८.१ उद्योग व्यवसाय सम्बन्धी विवरण : ....................................................................... 84

५.९ व्यापार तथा उद्योगको विवरण :....................................................................... 86

५.१० थोक तथा खुद्रा व्यापार : ....................................................................... 86

५.१०.१ निकासी पैठारी स्थिति :....................................................................... 87

५.१०.२ ढुवानी तथा भण्डार व्यवस्था :....................................................................... 87

५.१०.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा :....................... 87

५.१०.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति :................................ 87

क) कृषि जन्य पदार्थ :....................................................................... 88

ख) बनजन्य ....................................................................... 88

५.१०.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण : ....................................................................... 88

५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू :....................................................................... 88

५.१२ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण :....................................................................... 90

५.१३ बैंकको विवरण : ........................................................................90

५.१४ सहकारी संस्थाको विवरण : ........................................................................91

५.१५ संघ संस्था तथा विभिन्न समूहहरु : ........................................................................92

खण्ड : ६ भौतिक तथा सार्वजनिक पूर्वाधार : ........................................................................93

६.१ सडक तथा यातायात :........................................................................93

(क) यातायात सेवा ........................................................................93

६.२ संचार ........................................................................97

६.२.१ पत्रपत्रिका, एफ.एम. रेडियोहरु तथा टेलिभिजन :........................................................................99

६.२.२ टेलिफोन/मोबाइल :........................................................................100

६.२.३ हुलाक सेवा :........................................................................101

६.३ विद्युत ........................................................................101

६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण :........................................................................101

६.३.२ नगरपालिकामा सञ्चालित लघुविद्युत आयोजनाहरूको विवरण : ........................................................................103

खण्ड ७: सामाजिक पूर्वाधार तथा सेवा :........................................................................106

७.१ शिक्षा :........................................................................106

७.२ साक्षरता स्थिति :........................................................................107

७.२.१ शैक्षिक जनशक्तिको विवरण :........................................................................108

७.२.४ शिक्षण संस्थाहरूको विवरण : ........................................................................110

७.३ स्वास्थ्य :........................................................................113

७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू : ........................................................................115

७.३.२ गाउँघर क्लिनिक र नियमित खोप : ........ 115

७.३.३ एच. आई. भी./एडसको अवस्था : ........ 116

७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण : ........ 116

७.३.५ खोपको विवरण : ........ 116

७.३.६ बाल्यकालमा हुने रोगका जोखिम : ........ 117

७.३.७ शिशु तथा ५ वर्ष मुनिकोबाल मृत्युदर : ........ 117

७.३.८ बालपोषण सम्वन्धी विवरण : ........ 117

७.४ खेलकुद तथा मनोरञ्जन : ........ 117

७.५ नागरिक सुरक्षा सेवा ........ 118

७.५.१ बृद्धबृद्धाहरूको अवस्था ........ 118

७.६ महिला तथा बालबालिका : ........ 118

७.६.१ महिला सम्बन्धी विवरण : ........ 118

७.६.२ बालश्रमको अवस्था : ........ 119

७.६.३ बालक्लब : ........ 120

७.७ अपाङ्गताको विवरण : ........ 121

७.८ खानेपानी तथा सरसफाई : ........ 123

७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण : ........ 123

७.८.२ खानेपानीको विवरण : ........ 124

७.८.३ शौचालयको विवरण : ........ 126

७.९ फोहोर मैला व्यवस्थापन : ........ 128

खण्ड ८ : वन तथा वातावरण :....129

८.१ जैविक विविधता सम्वन्धी विवरण :....129

८.२ लघु वन पैदावार :....130

८.३ नगरपालिकामा पाईने वन्यजन्त :....131

८.५ वनजंगल :....131

८.५.१ सामुदायिक वन :....132

८.५.२ धार्मिक वन :....137

८.५.४ निजी वन :....137

८.७ वनपैदावरको माग र आपूर्ति :....138

८.८ जडिबुटी सम्बन्धी विवरण :....138

८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण :....138

८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम :....139

८.११ अतिक्रमण हटाउने प्रयास :....140

खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थितिः....141

९.१ मानव विकास सूचकको विवरण (HDI)....141

९.३ मानव विकास र गरीबी :....141

९.४ गरिबी न्यूनीकरण :....142

९.५ समग्र विकास स्थिति :....142

# तालिका सूची

तालिका नं. १ : पाटन नगरपालिका स्थापना समयको स्वरुप

तालिका नं २ : पाटन नगरपालिकाको तापक्रम

तालिका नं ३ : सांस्कृतिक महत्वका सम्पदाहरु

तालिका नं. ४ : जनसंख्याको विवरण

तालिका नं. ५ : वडा अनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

तालिका नं.६ : उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितीको विवरण

तालिका नं. ७ : कानूनले विबाहको लागि तोकेको उमेर (२० वर्ष) भन्दा कम उमेरमा विवाह भएका बालबालिकाको सङ्ख्या

तालिका नं.८ : उमेर समूहअनुसार जनसंख्याको विवरण

तालिका नं.९ : नगरपालिको जनसंख्या र जातको विवरण

तालिका नं.१० : वार्ड अनुसार नगरपालिको जनसंख्या र जातको विवरण

तालिका नं.११: मातृभाषा अनुसार जनसंख्याको विवरण

तालिका नं. १२ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं.१३ : घरमुलीको लैङ्गिक विवरण

तालिका नं.१४ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं.१५ : अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

तालिका नं.१६ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

तालिका नं.१७ : छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं.१८ : जगको आधारमा घरको बनोटको विवरण

तालिका नं.१९ : सामाजिक सुरक्षा सम्वन्धी विवरण

तालिका नं. २०: नगरपालिकामा सामाजिक सुरक्षा सम्वन्धी विवरण

तालिका नं. २१ : भू-उपयोग विश्लेषण

तालिका नं.२२ : नगरपालिकामा भएका प्रकोपको विवरण

तालिका नं. २३ : नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २४ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं.२५ : आश्रित जनसंख्या विवरण

तालिका नं. २६ : नगरपालिकामा कृषिजन्य बाली सम्बन्धी विवरण

तालिका नं. २७ : बिभिन्न बालीमा लाग्ने रोग विवरण

तालिका नं. २८ : कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

तालिका नं.२९ : बाली पात्रो

तालिका नं. ३० : बजारको नाम र प्रकृति (थोक, हाट, संकलन केन्द्र)
तालिका नं. ३१ : कृषि पकेट क्षेत्रको विवरण

तालिका नं. ३२ : सिंचाईको विवरण

तालिका नं. ३३ : २०७३ आषाढ मसान्तसम्म कायम रहेको उद्योगहरुको संख्यात्मक विवरण
तालिका नं. ३४ : व्यापार व्यावसायको विवरण तालिका नं. ३५ : बैंकहरुको विवरण

तालिका नं. ३६ : सहकारी संस्थाको नामावली

तालिका नं. ३७ : नगरपालिकामा सञ्चालनमा रहेका गै.स.स हरुको बिबरण

तालिका नं. ३८ : नगरपालिकामा रहेका रोडहरुको बिबरण

तालिका नं ३९ : सञ्चारका सुविधा भएका परिवार संख्या

तालिका नं. ४० : नगरपालिकाबाट प्रकाशित तथा प्रसारित भइरहेका पत्रपत्रिका वा प्रकाशन, प्रसारणहरुको विवरण

तालिका नं. ४१ : सञ्चारका सुविधा भएका परिवार संख्या

तालिका नं. ४२ : हुलाक सेवाको स्थिति

तालिका नं. ४३ : बत्ती बाल्न प्रयोग गरिने श्रोत

तालिका नं. ४४ : नगरपालिकामा सञ्चालित लघु जलविद्युत आयोजनाहरूको विवरण

तालिका नं. ४५ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ४६ : नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

तालिका नं. ४७ : साक्षरता दर

तालिका नं. ४८ : नगरपालिकामा रहेका शिक्षण पेशामा शिक्षकको विवरण

तालिका नं. ४९ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ५० : नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

तालिका नं. ५१ : शिक्षक संख्या

तालिका नं. ५२ : नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको स्थिति

तालिका नं. ५३ : नगरपालिकामा गठन भएका बालक्लबको नेटवर्कको विवरण

तालिका नं. ५४ : नगरपालिकामा अपाङ्गताको विवरण

तालिका नं. ५५ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

तालिका नं. ५६ : खानेपानीको विवरण

तालिका नं. ५७ : शौचालयको प्रकार

तालिका नं .५८ : सामुदायिक वन व्यवस्थापनको विवरण

तालिका नं. ५९ : नगरपालिका क्षेत्रमा उपलब्ध गैरकाष्ठ वन पैदावारहरुको सूची

तालिका नं. ६० : अतिक्रमणको विस्तृत विवरण

तालिका नं. ६१ : मानव विकास सूचकको विवरण

तालिका नं. ६२ : गरीबीको दरको विवरण

तालिका नं. ६३ : नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको विवरण

तालिका नं. ६४ : नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुको विवरण

# नक्सा सूची

नक्सा नं. १ : पाटन नगरपालिका देखिने नक्सा
नक्सा न. २ : १३ वार्डमा विभाजन भएको नक्सा

नक्सा नं. ३ : नगरपालिकाको १० वडा विभाजनको नक्सा

नक्सा नं. ४ : नगरपालिकाको उचाई भएको नक्सा

नक्सा नं. ५ : नगरपालिकाको भिरालोपन भएको नक्सा

नक्सा नं. ६ : नगरपालिकाको नदि संञ्जाल भएको नक्सा

नक्सा नं. ७ : नगरपालिकाको धार्मिक स्थल भएको नक्सा

नक्सा नं. ८ : नगरपालिकाको जनसंख्या भएको नक्सा

नक्सा नं. ९ : नगरपालिकाको वडागत क्षेत्रफल भएको नक्सा

नक्सा नं. १० : नगरपालिकाको वडागत जनसंख्या भएको नक्सा

नक्सा नं. ११ : नगरपालिकाको वडागत घरधुरी भएको नक्सा

नक्सा नं. १२ : नगरपालिकाको भू -उपयोग भएको नक्सा

नक्सा नं. १३ : सडक संञ्जाल भएको नक्सा

# खण्ड १ : भूमिका :

## १.१ पृष्ठभूमि :

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्क अपरिहार्य हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना, सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ । कुनै पनि स्थानीय तहमा रहेका तत्कालिन विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो नगरपालिकाको पार्श्वचित्र तयार गरिएको छ ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौधौं योजना (२०७३/७४-२०७५/७६) ले समेत नगरपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र नगरपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । नगर क्षेत्र भित्र व्यावस्थित ,योजनावद्ध र दिगो विकासका लागि आवश्यक परामर्श सेवाहरु जस्तै : MTMP, PDP, Master Plan , Periodic Development Plan , IUDP , Smart City जस्ता प्लानिङका लागि पार्श्वचित्र आधारभूत कागजात हो । यि तत्कालिन र दिर्घकालिन प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी यो पार्श्वचित्र (Profile) तयार गरिएको हो ।

## १.२ नगर पार्श्वचित्र तयारीको उद्देश्यहरु :

नगर पार्श्वचित्र मूलतः पाटन नगरपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो । यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ ।

क) नगरभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।

ग) नगरपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउने ।

घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई ब्यवस्थापनमा सहयोग गर्ने ।

ज) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि आधार तयार पार्ने ।

झ) नगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

ट) नगर क्षेत्र भित्र व्यावस्थित ,योजनावद्ध र दिगो विकासका लागि आवश्यक परामर्श सेवाहरु जस्तै : MTMP, PDP, Master Plan , Periodic Development Plan , IUDP , Smart City जस्ता प्लानिङका लागि आधारभूत अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययनको महत्व :

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रालयले निर्देशन गरेबमोजिम नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट प्रस्तुत गर्दछ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्न यस अध्ययनले पाटननगरपालिकालाई सहयोग गर्नुका साथै समावेशी समानुपातिक र समन्यायिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा नगरपालिका पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य :

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासका कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय तह अर्न्तगतनगरपालिकाहरुलाई दिँदै आएको अनुदानहरुमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ । नगरपालिकाले दिगो तथा पारदर्शि विकासका लागि विभिन्न अनुगमन सूचक तयार गरि अनुगमन लाई प्रभावग्राही वनाउन सक्छ । ती सूचकहरु मध्ये हरेक नगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधारित Municipality Profile तयार गर्नु पनि एक हो । पूर्वाधार विकासका दृष्टिले कमजोर स्थितिमा रहेको पाटन नगरपालिकाको सन्दर्भमा Profile तयार गर्ने कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकावाट उपलब्ध स्रोत साधनको व्यवस्थापन र उचित

कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो औचित्यपूर्ण रहन्छ ।

## १.५ अध्ययन विधि :

यस नगरपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधिहरु निम्नानुसार छन् –

- ❖ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्याङ्कहरु समावेश गरी विश्लेषण गरिएको छ ।
- ❖ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ ।
- ❖ विभिन्न समुदाय सँग भएका वैठकहरुको सल्लाह सुझाव समावेश गरिएको छ ।
- ❖ नगरपालिका र वडा कार्यालयका कर्मचारीहरु सँगको परामर्शको निष्कर्ष समावेश गरिएको छ ।
- ❖ फिल्ड सर्वेक्षणको तथ्याङ्क समावेश गरिएको छ ।
- ❖ विभिन्न व्याक्तिहरुसँगको अन्तरवार्ता विश्लेषण गरी समावेश गरिएको छ ।

यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरु, चित्र तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वितीय (Secondary) तथ्यांक संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सोको गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS Data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरवार्ता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै नगरपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, बुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अन्तवार्ता गरी नगरपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ। नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।


## १.६ अध्ययनका सीमाहरु :

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको ढाँचा बमोजिम नगरपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरुको स्रोत र आधार वर्ष खुलाईएको छ । नगरपालिकाकाविभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धित नगरपालिका आदि स्रोतहरुबाट


उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यसले पाटन नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तथापि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमितताामा बाँधेको छ । तथापी अध्ययनमा निर्धारित उद्देश्यहरुलाई मध्यनजर गर्दै आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ

# खण्ड : २

## नक्सा नं. १ : पाटन नगरपालिका देखिने नक्सा



# Detail Map of Patan Municipality
# Baitadi, Nepal



## २.१ पाटन नगरपालिकाको संक्षिप्त परिचय :

पाटन नगरपालिका नेपालको ७ नं. प्रदेश अन्तर्गत वैतडी जिल्लामा पर्दछ । नेपालको संघीय राजधानी काठमाडौँबाट पश्चिम-उत्तरमा २१९.२५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएर रहेको यस नगरपालिकाको पूर्वमा सिगास गाउपालिका, पश्चिममा मेलौली र दशरथचन्द नगरपालिका, उत्तरमा सुर्नया गाउँपालिका छन् भने दक्षिणमा डडेल्धुरा जिल्ला पर्दछ ।

साविकका सकार,सिलङ्गा, गुजर, भुमेश्वर, वसन्तपुर र पाटन गरी ६ वटा गा.वि.स मिलाई १३ वडामा विभाजन गरी नगरपालिका स्थापना गरिएको हो । यस पाटन नगरपालिकाको स्थापना नेपाल सरकार मन्त्रीपरिषद्को २०७१-०८-१६ को निर्णयअनुसार भएको हो । स्थापना हुँदा यस नगरपालिकाको नाम पाटन राखिएको थियो । पाटन वजार क्षेत्र समथर भूभागले वनेको सानो उपत्यका जस्तो भूवनावट भएकोले सो क्षेत्रको नाम पाटन रहेको हो । नेपाल सरकारले मिति २०७३-११-२२ को निर्णय गरी २०७३-११-२७ मा राजपत्रमा प्रकाशित गरी साविकको पाटन नगरपालिका ,कैलपाल गा.वि.स., सिद्धेश्वर गा.वि.स र सिद्धपुर गा.वि.स.गरी ३ वटा गा.वि.स लाई समावेश गरी १० वटा वार्डमा विभाजन गरिएको छ ।

नगरपालिका क्षेत्र भित्र हाल १ वटा क्याम्पस , ७ वटा उच्च मा.वि, १ वटा प्राविधिक शिक्षालय, ७ वटा मा.वि., २० वटा नि.मा.वि. , ३० वटा प्रा.वि., ५५ वटा प्रारम्भिक वाल विकास केन्द्र (सामुदायिक र संस्थागत) गरी जम्मा १२५ वटा शिक्षण संस्थाहरू सञ्चालित छन् । २०६८ को जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ३०,४३५ रहेको छ जसमध्ये महिलाको जनसंख्या १६,४४४ (५४.०२ प्रतिशत) र पुरुषको जनसंख्या १३,९९१ (४५.९८ प्रतिशत) रहेको छ । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको अन्य आर्थिक क्रियाकलापहरुमा व्यापार व्यसाय, नोकरी, सेवामुलक व्यवसाय तथा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस नगरपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् । अध्ययनका लागि यस नगरपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका साथै अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा दार्चुला, डडेल्धुरा, वभाङ,अछाम लगायत जिल्लाहरूबाट समेत आउने गरेका छन् । नगरपालिकाका सवै वस्तीहरुमा राष्ट्रिय प्रशारण लाईन जडान भई विद्युतीकरण भएको छ । विगतमा स्थानीय निकायमा जनप्रतीनधीको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन ।विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । मुख्य गरी दशैं, तिहार, साउने र माघे संक्रान्ति, महाशिवरात्री, चैतेदशै, होली, गौरा, कृष्णजन्माष्टमी, आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

## २.२ स्थापना :

यस पाटन नगरपालिकाको स्थापना नेपाल सरकार मन्त्रीपरिषद्को २०७१-०८-१६ को निर्णयअनुसार भएको हो । स्थापना हुँदा यस नगरपालिकाको नाम पाटन राखिएको थियो । साविकका ६ वटै गा.वि.स. मिलाएर १३ वटा वार्डमा विभाजन गरिएको थियो ।

**तालिका नं. १: पाटननगरपालिका स्थापना समयको स्वरुप :**

| वडा नं. | समावेश भएका साविकका गा.वि.स./नपाहरु | साविकका वडानम्वरहरु |
|---|---|---|
| १ | सकार | १,२,३,४,५ |
| २ | सकार | ६,७,८,९ |
| ३ | सिलङ्गा | १,२,३,४,५ |
| ४ | सिलङ्गा | ६,७,८,९ |
| ५ | गुजर | १,२,३,४,५ |
| ६ | गुजर | ६,७,८,९ |
| ७ | भुमेश्वर | ४,५,६,७,८ |
| ८ | भुमेश्वर | १,२,३,र ९ |
| ९ | वसन्तपुर | १,२,३,४,५ |
| १० | वसन्तपुर | ६,७,८,९ |
| ११ | पाटन | १,२,३,४ |
| १२ | पाटन | ५,६,७ |
| १३ | पाटन | ८ र ९ |


*श्रोत : पाटन नगरपालिकाको कार्यालय*

स्थापनाको समय २०७१-०८-१६ मा यस नगरपालिकालाई १३ वडाहरुमा बिभाजन गरिएकोमा संघीय संरचना कार्यान्वयन गर्दा मन्त्रिपरिषदले मिति २०७३-११-२२ को निर्णय गरी २०७३-११-२७ मा राजपत्रमा प्रकाशित गरी यस नगरपालिकालाई स्थानीय तहको रुपमा निम्नअनुसार वार्ड विभाजन गरिएको छ ।

## नक्सा न. २ १३ वार्डमा विभाजन भएको नक्सा

# Old Ward Boundary of Patan Municipality

*Baitadi, Nepal*




1:80,000

| | | |
|---|---|---|
| Name of Municipality | | Patan Municipality, Baitadi |
| Consultants | | AP-ECC-Nepal P. Ltd. |

Projected Coordinate System: MUTM
Projection: Transverse Mercator
False Easting: 500000.00 m
False Northing: 0.00 m
Central Meridian: 81.00 m
Scale Factor: 0.9999

*तालिका नं. १.१: पाटननगरपालिका को नयाँ स्वरुप*


| वडा नं. | समावेश भएका साविक गाविस/नपाहरु | साविकका वडा नं. |
|---|---|---|
| १ | सकार गा.वि.स | १ देखी ९ सम्म |
| | कैलपाल गा.बि.स | ८ र ९ |
| २ | सिलङ्गा | १ देखी ९ सम्म |
| ३ | गुजर | १ देखी ९ सम्म |
| ४ | भुमेश्वर | १ देखी ९ सम्म |
| ५ | बसन्तपुर | १ देखी ९ सम्म |
| ६ | पाटन | १ देखी ९ सम्म |
| ७ | कैलपाल | १ देखी ७ सम्म |
| ८ | सिद्धेश्वर | ३ ,७,९ सम्म |
| ९ | सिद्धेश्वर | १,२,४,५,६,८ सम्म |
| १० | सिद्धपुर | १ देखी ९ सम्म |

*श्रोत : पाटन नगरपालिकाको कार्यालय*

नक्सा नं. ३ : नगरपालिकाको १० वडा विभाजनको नक्सा :

## New Ward Boundary of Patan Municipality

*Baitadi, Nepal*




0 1 2 4 6 8 10 Kilometers

1:140,000


| | | |
|---|---|---|
| Name of Municipality | | Patan Municipality, Baitadi |
| Consultants | | AP-ECC-Nepal P. Ltd. |

Projected Coordinate System: MUTM
Projection: Transverse Mercator
False Easting: 500000.00 m
False Northing: 0.00 m
Central Meridian: 81.00 m
Scale Factor: 0.9999

## २.३ भौगोलिक अवस्थिति :

नेपालको प्रदेश नं. ७ अन्तर्गत वैतडी जिल्लामा अवस्थित यस पाटन नगरपालिका भौगोलिक क्षेत्रको हिसाबले पहाडी क्षेत्रमा पर्दछ । पाटन नगरपालिका नेपालको मानचित्रमा हेर्दा २९ डिग्री २३ मिनेट ५ सेकेन्ड देखि २९ डिग्री ३१ मिनेट ५ सेकेन्ड दक्षिण अक्षांश र ८० डिग्री ४३ मिनेट १४ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यो नगरपालिका समुद्र सतहबाट ७८० मिटर देखि २४२० मिटर सम्मको उचाइमा अवस्थिते छ ।

**नक्सा नं. ४ : नगरपालिकाको उचाई भएको नक्सा :**



## २.४ भू-बनावट :

नगरपालिकाको केही भू-भाग बेसी, केही पहाडी र मध्य पहाडी क्षेत्र रहेको छ। भू-आकृतिमा भएको यस फरक अनुसार यस नगरपालिकालाई तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ।

### (क) बेसी :

पाटा पाटा भएका फाँटहरुका साथसाथै केही ठूला पाटनका भाग नै यस क्षेत्रमा पर्दछन्। पहाडको फेदमा रहेको खुल्ला समथर खेति योग्य जमिन यस क्षेत्र अन्तर्गत पर्दछ। भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ। यस क्षेत्रमा यस नगरपालिकाको ११३४ मिटर देखि २००० मिटरको उचाइ रहेको क्षेत्र पर्दछ।

### (ख) पहाडी क्षेत्र :

यस नगरपालिकाको अधिकांश भू-भाग पहाडी क्षेत्रमा पर्दछ। यहाँको भू-भाग पत्रे चट्टान एवं माटो ढुंगा को समिश्रणले भरिएको छ। यस भू-भागमा वनजङ्गलको मात्रा अत्यधिक छ। प्राय : मानव वस्तीको प्रधानता रहेको क्षेत्र हो। समुद्री सतहबाट ११३४ देखि २०० मिटर सम्मका मोडदार पहाडहरु यस क्षेत्र अन्तर्गत पर्दछन्।

### (ग) मध्य पहाडी भू-भाग :

समुन्द्री सतहबाट १,१३४ मिटरदेखि २,००० मिटरसम्म उचाइ रहेको यो भू-भाग कडा चट्टान कठिन धरातलीय स्वरुप भएका कारण मानव वस्ती यहाँ कम रहेको छ। मध्य पहाडी श्रृंखलाहरु र झाडी बुट्यानले यस क्षेत्रलाई ढाकेको छ।

## २.५ माटोको वनावट र उर्वराशक्ति :

यस नगरपालिकाको भौगोलिक बनावटको अवस्थालाई हेर्दा यहाँको अधिकांश माटोमा उब्जाउ क्षमताको कमी देखिन्छ। यहाँ बढी मात्रामा बलौटे, कडा चट्टान तथा वेशीहरुमा बलौटे दोमट र खेतीयोग्य माटो पाईन्छ। तथापि, पहाडी टार तथा वेशीहरु उत्पादनका दृष्टिकोणले ज्यादै संभावनायुक्त देखिन्छन्। समग्र देशको नमूना अध्ययनका आधारमा यस नगरपालिकाको माटोको प्रकार र उर्वरताको बारेमा निम्नानुसार पाइन्छ।

### क) पाँगो माटो :

यहाँका बेसीहरुमा पाँगो माटोको प्रचुरता छ। जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको संभावना छ। नदीहरुले बगाई ल्याएको सडेको पातपतिङ्गर र अन्य कम्पोष्ट मलजन्य पदार्थलाई छेउछाउका तटवर्ती भागमा निक्षेप गर्दै जाँदा यी भागहरु अत्यधिक उब्जाउयोग्य रहेका छन्। तथापि, वर्तमान समयमा रसायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लीयता वृद्धि भई उत्पादन ह्रासको स्थिति देखापरेको छ। लगातार भू क्षय तथा वन विनाशका कारण पाँगो माटोको गुणस्तरमा विस्तारै ह्रास आइरहेको छ।

### ख) बलौटे माटो :

यो माटो बालुवा, कंकड, ट्यापी र ढुंगा मिश्रित माटो हो । यो उब्जाउको दृष्टिकोणले न्यून कोटीको मानिन्छ । विशेष गरी नगरपालिकाको पहाडी भागहरुमा यो माटोको बाहुल्यता छ । अपेक्षाकृत कम मात्रामा मात्र दलहन,आलु र मकै बालीको मात्र यहाँ उत्पादन हुन्छ। यहाँ सिंचाइको समेत अभाव रहेको छ । यहाँको माटोको बनावटमा ढुँङ्गा माटो, कंकड, चुना, फलाम, जीवाष्मको तत्व नभएको माटोको प्रचुरता हुन्छ । उब्जाउको दृष्टिकोणले यहाँको माटोमा बेसीतिर धान, गहुँ, मास, मकै, मध्य पहाडी भागतिर मकै, दलहन र आलु, जौ आदि उत्पादन हुने गर्दछ।

## २.६ भू-क्षेत्रको बर्गीकरण :

पाटन नगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा ५ वर्गमा विभाजन गरिएको छ। Land Resource Mapping Project ले तयार गरेको बर्गीकरणको आधारमा मनसुनी कृषि तथा बनस्पती पक्षलाई विशेष ध्यान दिएको छ । भुमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति पहिलो “क” वर्गदेखि पाचौं “ङ” वर्ग तर्फ बढ्दै जान्छ । त्यसै क्रमले भूमीको स्थायित्वलाई मजबुत बनाउन उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

**क) क वर्ग** : भिरालो <१०° (गहिराई पर्याप्त भएको, खेतीपाती र वनको लागि उपयुक्त माटो)

लगभग एउटै सतह भएको, कृषिको आवश्यकता अनुरुप माटोको गहिराई पर्याप्त भएको जमिनलाई “क” वर्गमा राखिएको छ। नदीको किनारमा परेको जग्गाबाहेक यस समूहको जग्गामा ठूलो भू-क्षय हुने समस्या नदेखिने र भू-बनौटको स्थायित्वमा कुनै कारणको असर नपर्ने हुँदा यस खालको जग्गामा परम्परागत वा आधुनिक दुवै प्रविधिबाट खेती गर्न सकिन्छ। तर वर्षाको समयमा वर्षाको सोझो प्रहारबाट हुन सक्ने भू-क्षय रोक्ने उपाय अपनाउनु पर्दछ। सामान्य अवस्थामा वर्षे पानीको सतहगत प्रवाह र माटोको चिस्यानको मात्राले जमिनको उपयुक्तता निर्धारण गरेको हुन्छ । मनसुनको समयमा वर्षाको पानी सजिलैसँग बगेर जाने वा पानी नजम्ने खालको माटो भएमा कृषि चरन वा बनस्पतीको लागि त्यस्तो जग्गा उपयुक्त हुन्छ ।

माथि भएको तथा सतहगत पानी बगेर नजाने वा जमेर बस्ने जमिन पनि “क” वर्गको जमिनमा पर्दछ। धेरैजसो अन्न वालीलाई यस प्रकारको अवस्था उपयुक्त नभएता पनि यस्तो जमिनमा धान खेती राम्ररी गर्न सकिन्छ । हिउँदमा गहुँ वा अन्य अन्नहरूको खेती माटोमा रहने चिस्यानका भरमा गर्न सकिन्छ । गर्मीयाममा त्यहाँको तापक्रममा मिल्ने गर्मी बालिको खेति सिंचाईको सहयोगमा गर्न सकिन्छ।


**ख) ख भिरालो** १° - ५° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ । मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ ।यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ । मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ । यस्तो जमिनमा धान खेती गर्न सकिन्छ । सिंचाई सुविधा उपलब्ध भएको छ भने माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ । सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ ।

**ग) ग भिरालो** ५° – ३०° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५०-३०० स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ । यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन् । त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ । वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन । गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन । तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुऱ्याउँछ । यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ । यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ । यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ । सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ । अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ ।

**नक्सा नं. ५ : नगरपालिकाको भिरालोपन भएको नक्सा**




**घ) घ भिरालो** . ३०° – ४०° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त ।

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०० (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ । यस प्रकारको ज्यादा भिरालोपन

भएको जग्गामा गह्रा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन । यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ । यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ । पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्यलक्षण हुन् ।यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ । जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा बोटविरुवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ । यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइका साथ नियन्त्रण गर्नुपर्छ । यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन । यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ । यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन ।

**ङ) ङ भिरालो** >४०° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ । यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ । यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झै एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (Reclaim) गर्न असम्भव नै हुन्छ । उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ ।

## २.७ हावापानी :

यस क्षेत्रको जलवायु तल्लो भेगमा अर्थात सुर्नया खोलाको बेशी भागमा उष्ण, पहाडि भागतिर समशितोष्ण किसिमको हावापानी पाइन्छ भने मध्य पहाडी क्षेत्रमा शितोष्ण हावापानी पाइन्छ । यस नगरपालिकाको खोला तटिय क्षेत्रहरुमो औसत अधिकतम तापक्रम २६.५ डिग्री सेल्सीयस हुने गर्दछ भने आषाढ, श्रावण र भाद्र महिनामा सबैभन्दा बढी वर्षा हुन्छ । जल तथा मौसम विज्ञान विभाग पाटनको रेकडिङ विवरण अनुसार वर्षा र तापक्रमको विवरण संक्षिप्तमा तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं २ : पाटन नगरपालिकाको तापक्रम :**

| नगरपालिका /गाउँपालिका को औसत वार्षिक वर्षा | | तापक्रम डिग्री सेल्सियस | | कैफियत |
|---|---|---|---|---|
| | | औसत न्यूनतम | औसत अधिकतम | |
| १६३.० | | ५.० | १८.५ | |
| ४०६.५ | | ६.० | १९.५ | |
| २३२.५ | | ८.७ | २२.० | |
| १६८.० | | १०.० | २६.० | |
| ७६.७ | | ११.० | २६.५ | |
| ३२.० | | १२.० | २६.० | |
| ३.० | | १२.६ | २०.० | |
| ४५.० | | ११.५ | २५.० | |
| १७.० | | १२.० | २०.० | |
| ५०.० | | १०.० | २२.० | |
| ७०.० | | ८.० | २०.४ | |
| २१.० | | ६.६ | १८.५ | |

स्रोत: जल तथा मौसम बिज्ञान विभाग (DHM )

## २.८ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर :

नगर क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, पर्याप्त वित्तीय सेवा, बैदेशिक रोजगार, तथा नदीनालाहरुमा माछापालन व्यवसाय, वाख्रा पालन ,कुखुरा पालन ,होजियारी तालिम ,आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् ।

- समग्रमा यस पाटन नगरपालिकाको ग्रामिण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । नगरपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।
- नगरपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ आधुनिक र वैज्ञानिक कृषि प्रणालीको अभावमा माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय सन्तुलन कायम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त सुरक्षित स्थानको जोहो गर्न सकिनेछ ।
- नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।
- यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा रोजगारी र उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

नगर क्षेत्रमा प्राकृतिक खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ ।

नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको साथै मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिकाको गहनाको रुपमा रहेको स्वर्गेनी पिपल, महारुद्र मन्दिर, शिव मन्दिर पातालभुमेश्वर, उदयदेव मन्दिर, राहासै लिङ्ग जात्रा,शिवालय, जगत मन्दिर र अन्य धेरै मन्दिरहरु पदर्छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ ।

पाटन नगरपालिकातथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस नगरपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकीकृतरुपले बैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा नगरपालिको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ ।

यसका अतिरिक्त पाटन नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

नगरपालिकाक्षेत्र भित्र रहेका  खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।

स्थानीय कच्ची सडकको स्तर वद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा समेत बृद्धि हुन्छ ।

तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको उचित व्यवस्था गर्नु र परम्परागत कृषिलाई आधुनिक प्रविधियुक्त तथा ब्यवसायिक कृषि प्रणालीले विस्थापित गराउन सके कृषि उत्पादनमा वृद्धि हुन गई कृषकहरूको समग्र जीवनस्तरमा सकारात्मक परिवर्तन आउने हुँदा समग्र नगरको विकासमा सहयोग पुग्ने देखिन्छ ।

नगरपालिकाक्षेत्रमा औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।

यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।

सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।

जिल्लाको एक मात्र एयरपोर्ट यसै नगरपालिकामा रहेकोले यस लाई संञ्चालनमा ल्याई आन्तरिक तथा वाह्य पर्टटक भित्रायाई नगरपालिकाको आन्तरिक आय वृद्धि हुने सम्भावना देखिन्छ ।

नगरपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने प्रशस्त सम्भावना देखिन्छ ।

## २.९ नगरपालिकाको अवसर र सम्भावनाहरु :

यस पाटन नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान अवसर तथा संभावनाहरुलाई निम्न बुँदामा संक्षेपीकरण गर्न सकिन्छ ।

- ❖ वन, उर्बर कृषि जमिन, नदी नाला, सम्म भौगलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- ❖ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- ❖ युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- ❖ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ ।
- ❖ शिक्षा केन्द्रहरुको संचालनको व्यवस्था
- ❖ पर्यटन क्षेत्रको विकास

## २.१० नगरपालिकाको समस्या र चुनौतीहरु :

यस पाटन नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान समस्या तथा चुनौतीहरुलाई निम्न बुँदामा संक्षेपीकरण गर्न सकिन्छ ।

- ❖ जनसहभागितामा कमि ।
- ❖ नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- ❖ नगरपालिकाक्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ❖ नगरपालिका क्षेत्र भित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको हुनु ।
- ❖ कृषियोग्य भूमि भएतापनि आधुनिक कृषि प्रणाली अपनाउन नसक्नु तथा व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ❖ नेपाल सरकारले तोके वमोजिमको कर संकलन गर्न नसकिनु ।
- ❖ आयश्रोतको कमीले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ❖ आकासे पानीमा निर्भर सिंचाई , पराम्परागत कृषि प्रणाली ।
- ❖ वर्षेनी खहरे खोलाका आसपासका कृषि भूमिको कटानको समस्या, कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.११ नगरपालिकाको अन्तर नगर / गाउँ सम्बन्ध :

कुनै पनि नगरपालिका तथा गाउँपालिकाको अर्को नगरपालिका अथवा गाउँपालिकाका बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ । सम्बन्धको प्रकृति र दुरी नगरपालिकाहरू बिच फरक-फरक हुन सक्छ । मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरपालिकाले अर्को नगरपालिकामा निर्भर रहनु पर्ने हुन्छ । ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन् । यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगरपालिका तथा गाउँपालिकाबाट आउने गरेको देखिन्छ । अन्य पहाडी/तराई क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू यस नगरमा भित्रिने गर्दछन् र यहाँको विभिन्न घरेलु उद्योगबाट उत्पादित वस्तु तथा विभिन्न सेवाहरूअन्य गाउँपालिका/नगरपालिकासम्मनिर्यात गर्ने गरेको पाइन्छ जसले गर्दा यहाँका स्थानीय बासिन्दाको आयस्तरमा बृद्धि हुन पुगेको छ । यी विविध कारणले अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ ।

पाटन नगरपालिकाको छिमेकी नगरपालिका, गाउँपालिका तथा जिल्ला समन्वय समितिजस्ता सरकारी निकायहरुसँग राम्रो सम्बन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## २.१२ सिमसार क्षेत्र :


नदी, नाला, तलाउ, पोखरी, कुवा, तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ । यस पाटन नगरपालिकामा खासै तालतलैया नभएपनि खोडपे र यसमा उल्लेख गरिएको खोल्सा, खोल्सी खोला किनारमा र उपरोक्त तालहरुको छेउछाउमा समेत सिमसार क्षेत्रहरु रहेका छन् ।

## २.१३ मुख्य नदी तथा ताल तलैयाहरु :

नगरपालिकाको उत्तर पश्चिम सिमाना भएर बग्ने सुर्नया खोला यस भेगको प्रमुख नदीको रुपमा रहेको छ । यो खोलावैतडी जिल्लाको पुरचौडी हाट नगरपालिकावाट शुरु भएर पन्चेश्वर गाउपालिकामा गएर नेपाल भारतको सिमाना महाकाली नदिमागएर मिसिन्छ। यस नगरपालिकामा वग्ने साना साना खोलाहरु जुकेपानी ढणान , वगाडी खोला ,झोलेक दाव ,कारागर खोला ,किचार खोला, वतडा खोला ,डन्सिली खोला आदी नगरक्षेत्र भएर बग्ने खोलाहरु रहेका र ति मध्ये सुर्नया खोला वाट १ वटा लघु जलविद्युत उत्पादन, र अन्य खोलाहरुवाट खानेपानी तथा सिंचाईको लागि पानी प्रयोग भएको देखिन्छ । मानव वस्तीको क्रमिक विकास र जलवायु परिवर्तन तथा विश्वतापमान वृद्धी साथै पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरू भूक्षय भई पुरिने र सुक्ने क्रम जारी छ । यस नगरपालिकामा रहेका पतालभुमेश्वर ताल र कुडी ताल संरक्षण हुन नसकेर सकिने अवस्थामा रहेका र

यस्ता प्राकृतिक तालतलैयाहरूको पुनरुद्धार गरी जल पर्यावरणीय प्रणलीको संरक्षण र सन्तुलन कायम राख्न सके यो क्षेत्रलाई विकसित बनाउन सकिन्छ ।

**नक्सा नं. ६ : नगरपालिकाको नदि संञ्जाल भएको नक्सा**





## २.१४ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु :

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषिक, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समस्त विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको वर्तमान अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका

अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा,आन्तरिक हवाई सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

**नक्सा नं. ७ : नगरपालिकाको धार्मिक स्थल भएको नक्सा :**




## २.१५ मुख्य चाडपर्वहरु :

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यस नगरमा झण्डै शतप्रतिशत (९८.१८ प्रतिशत) मानिसले अवलम्बन गरेको धर्म हिन्दू हो । बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा नयाँ वर्ष-बिसु , गौरा,बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका तिज, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी,फागु-होली, चैते दशैं, साउने/माघे संक्रान्ति, कर्कट संक्रान्ति, मातातीर्थ औंसी, कुशे औंसी, अक्षय तृतीया, हरिशयनी/हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा,श्री स्वस्थानी पूर्णिमा,सोह्रश्राद्ध, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, क्रिशमस डे, आदि चाडपर्वहरु रहेका छन् ।

## २.१६ सँस्कृति, कला, भाषा र साहित्य :

विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् । पाटन नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणल धनी नगरपालिकाका रुपमा रेको छ । नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ ।सांस्कृतिक महत्वका सम्पदाहरु जात्रा विशेष पर्वहरु उदयदेव जात्रा ,महारुद्र जात्रा ,वनारसी जात्रा ,राहासै लिङ्ग जात्रा ,जग्त जात्रा ,शैलेश्वरी मन्दिर जात्रा ,कैलपाल मन्दिर जात्रा ,ओखलधुर मन्दिर जात्रा ,फलङ्गासैनी भगवती जात्रा ,गौरा देवी मेला ,शिव धाम मेला ,विस्पतिमेला ,दुर्गा मेला ,महारुद्र मेला ,उदयदेव मेला ,शिवरात्री आदी मेला र जात्राहरु हुने गर्दछन । विभिन्न किसिमका कला र सँस्कृतिहरु प्रचलनमा रहेका छन्जसलाई तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ३ :सांस्कृतिक महत्वका सम्पदाहरु :**

| जात्रा | विशेष पर्वहरु | मेला |
|---|---|---|
| उदयदेव जात्रा | गौरा | शिवरात्री स्वर्गेनी पिपल |
| महारुद्र जात्रा | शिवरात्री | शिव मन्दिर पातालभुमेश्वर |
| वनारसी जात्रा | पञ्चमी | गौरा पर्व |
| राहसै लिङ्ग जात्रा | तिज | दुर्गा मेला |
| जग्त जात्रा | मकरसंक्रान्ती | उदयदेव मेला |
| शैलेश्वर मन्दिर जात्रा | दशै ,तिहार | महारुद्र मेला |
| कैलपाल मन्दिर जात्रा | विस्पती/विषु मेला | विस्पती/विषु मेला |
| ओखलधुरा मन्दिर जात्रा | राम नवमी | |

| | | |
|---|---|---|
| फलङ्गासैनी भगवती जात्रा | रक्षा वन्धन | |
| महारुद्र मन्दिर जात्रा | साउने सक्रान्ति | |
| भुमीराज जुकेपानी मन्दिर | ओल्के सक्रान्ती | |
| | होली | |

*श्रोतः फिल्ड सर्वेक्षण,धामी,मुखिया र समाजका अगुवा सँगको अन्तरवार्ता*

# खण्ड ३ : जनसाङ्ख्यिक विवरण :

## ३.१ जनसंख्याको विवरण :

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा नगरपालिकास्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार पाटन नगरपालिकाको जनसंख्या ३०,४३५ रहेको छ जस मध्ये पुरुष ४५.९७ प्रतिशत (१३,९९१ जना) र महिला ५४.०३ प्रतिशत (१६,४४४ जना) रहेका छन् । सोहीअनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८२.४२ रहेको छ। प्रति वर्ग किलोमिटरमा जनघनत्व १३८.८१ जना रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये १२.०६ प्रतिशत ० देखि ४ वर्ष उमेर समूहका, १२.६४ प्रतिशत ५ देखी ९ वर्ष उमेर समुहका ,१२.७२ प्रतिशत १० देखी १४ वर्ष उमेर समुहका ,१०.२१ प्रतिशत १५ देखी १९ वर्ष उमेर समुहका , ८.३० प्रतिशत २० देखी २४ वर्ष उमेर समुहका , ६.४६ प्रतिशत २५ देखी २९ वर्ष उमेर समुहका ,५.४५ प्रतिशत ३० देखी ३४ वर्ष उमेर समुहका ,४.९६ प्रतिशत ३५ देखी ३९ वर्ष उमेर समुहका , ४.६७ प्रतिशत ४० देखी ४६ वर्ष उमेर समुहका ,४.०३ प्रतिशत ४५ देखी ४९ वर्ष उमेर समुहका , ५.०९ प्रतिशत ५० देखी ५४ वर्ष उमेर समुहका ,३.२७ प्रतिशत ५५ देखी ५९ वर्ष उमेर समुहका २.९० प्रतिशत ६० देखी ६४ वर्ष उमेर समुहका २.२९ प्रतिशत ६५ देखी ६९ वर्ष उमेर समुहका ,१.५४ प्रतिशत ७० देखी ७४ वर्ष उमेर समुहका १.६४७५ भन्दा माथी उमेर समुहका रहेको देखिन्छ ।

**तालिका नं. ४ :जनसंख्याको विवरण :**


| विवरण | २०६८ |
|---|---|
| जम्मा जनसंख्या | ३०४३५ |
| पुरुष | १३९९१ |
| महिला | १६४४४ |
| लैंगिक दर | प्रति १०० मा ८२.४२ |
| जम्मा घरधुरी | ५७६७ |
| औषत परिवार आकार | ६.३० |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ६५.९ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | १३८.८१ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

## नक्सा नं. ८ : नगरपालिकाको जनसंख्या भएको नक्सा

### Wardwise Population Map of Patan Municipality

*Baitadi, Nepal*



## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण :


यस पाटन नगरपालिकाका १० वडाहरुका जनसंख्याको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं ६रहेको छ जसमा जम्मा जनसंख्या ५,२१७ (पुरुषको २,४०० जना र महिलाको २,८१७ जना) रहेको छ। यस वडाको औसत परिवार आकार ४.६० र घरधुरी संख्या ११३४ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. ९ रहेको छ जसको जनसंख्या २,०६५ (पुरुषको ९८९ जना र महिलाको १,०७६ जना) रहेको छ भने घरधुरी संख्या ३४४ र औसत परिवार संख्या ६.०० रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं.५ :वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण :**


| वडा नं. | क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ३१.०२४ | ५.६५ | ६९७ | ३९४५ | १७९८ | २१४७ | १२७.१८ |
| २ | २६.५९ | ५.४९ | ४७४ | २६०३ | ११६५ | १४३८ | ९७.८९ |
| ३ | १५.३६२ | ४.९४ | ५६५ | २७९५ | १२३२ | १५६३ | १८१.९४ |
| ४ | १८.९३ | ५.३७ | ६४४ | ३४६२ | १६०७ | १८५५ | १८२.८६ |
| ५ | १२.६९६ | ४.९९ | ५१२ | २५५७ | १११४ | १४४३ | २०१.४ |
| ६ | २०.४१८ | ४.६० | ११३४ | ५२१७ | २४०० | २८१७ | २५५.५१ |
| ७ | १४.८९४ | ५.५५ | ४३३ | २४०६ | १०९० | १३१६ | १६१.५४ |
| ८ | २८.१५५ | ५.२१ | ५५३ | २८८२ | १४१४ | १४६८ | १०२.३६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | १७.१५ | ६.०० | ३४४ | २०६५ | ९८९ | १०७६ | १२०.४१ |
| १० | ३४.०३७ | ६.०९ | ४११ | २५०३ | ११८२ | १३२१ | ७३.५४ |
| जम्मा | २१९.२५६ | ५.२७ | ५७६७ | ३०४३५ | १३९९१ | १६४४४ | १३८.८१ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




## नक्सा नं. ९ : नगरपालिकाको वडागत क्षेत्रफल भएको नक्सा



## नक्सा नं. १० : नगरपालिकाको वडागत जनसंख्या  भएको नक्सा

# Wardwise Population Map of Patan Municipality

*Baitadi, Nepal*




**Legend**

2,600

Male_Popul


Female_Pop

Total_Popu

| | | |
|---|---|---|
| Name of Municipality | | Patan Municipality, Baitadi |
| Consultants | AP-ECC-Nepal | AP-ECC-Nepal P. Ltd. |

Projected Coordinate System: MUTM
Projection: Transverse Mercator
False Easting: 500000.00 m
False Northing: 0.00 m
Central Meridian: 81.00 m
Scale Factor: 0.9999

## नक्सा नं. ११ : नगरपालिकाको वडागत घरधुरी भएको नक्सा



## ३.३ १० वर्ष वा सो भन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण :

कुनै पनि देशले विवाहका लागि कानूनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानूनी व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो समयमा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।


**तालिका नं.६ :उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरणः**

| | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुनः विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुद्दिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३१६६ | ८७२७ | ६५४ | २३४ | ४९७ | १९ | ४५ | १०५८५ |
| महिला | ६०९६ | ९३२१ | ५५१ | २३४ | ८९७ | ३१ | ५१ | १०५८८ |
| **जम्मा** | **९२६२** | **१८०४८** | **१२०५** | **४६८** | **१७९४** | **४०** | **९६** | **२११७६** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

यस नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। जसमा ८७२७ (६३.४६ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने ४९७ जना (३.६१ प्रतिशत) रहेको छ। पुनः विवाह गर्ने २३४ जना (१.७० प्रतिशत), विधुवा/विधुर ८९७ जना (६.५२ प्रतिशत), पारपाचुके भएका १९ जना (०.१३ प्रतिशत) र छुट्टिएका ४५ जना (०.३२ प्रतिशत)

रहेका छन् । नगरपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा (७.५९ प्रतिशत) ले कमी रहेको छ । भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा (०.३० प्रतिशत) ले कमी रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण :

बालविवाह धेरै हदसम्म कमी भइसकेको छ र यस्ता सामाजिक कुरिति केहि विकट ठाउँमा अझै पनि शिक्षाको कमिले कायमै रहेको पाईन्छ । यसलाई निर्मुल गर्न व्यापक जनचेतनामूलक कार्यक्रम गर्नुपर्ने देखिन्छ । साथै कानुनले तोकेको २० वर्ष भन्दा कम उमेरमा विवाह हुने वालिका संख्या ५६५ (३.३८) प्रतिशत र वालकको खंख्या २०८ (१.५१) रहेको छ ।

**तालिका नं. ७ :कानूनले विबाहको लागि तोकेको उमेर (२० वर्ष) भन्दा कम उमेरमा विवाह भएका बालबालिकाको सङ्ख्या**

| उमेर समुह | महिला | पुरुश | जम्मा |
|---|---|---|---|
| १० वर्ष भन्दा कम उमेरमा विवाह गर्नेको खंख्या | ० | ० | **०** |
| १० देखी १४ वर्ष सम्म विवाह गर्नेको खंख्या | २५३ | १३२ | **३८५** |
| १४ देखी १८ वर्ष सम्म विवाह गर्नेको खंख्या | ३१२ | ७६ | **३८८** |
| **जम्मा** | **५६५** | **२०८** | **७७३** |

स्रोत : जिल्ला वालकल्याण समिति

## ३.५ उमेर समूहअनुसार जनसंख्याको विवरण :

**तालिका नं.८ : उमेर समूहअनुसार जनसंख्याको विवरण :**


| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | १९०६ | २०२८ | ३६७२ | १२.०६ | ९३.९८ |
| ५-९ | १९३७ | २१७६ | ३८५० | १२.६४ | ८८.९७ |
| १०-१४ | १९०६ | १९६८ | ३८७४ | १२.७२ | ९६.८४ |
| १५-१९ | १७३७ | १८८१ | ३५१८ | १०.२१ | ८७.०२ |
| २०-२४ | ९८६ | १५५२ | २५२८ | ८.३० | ६३.५३ |
| २५-२९ | ७८७ | ११८२ | १९६९ | ६.४६ | ६६.५८ |
| ३०-३४ | ६३६ | ९९० | १७७० | ५.४५ | ६४.२४ |
| ३५-३९ | ६४१ | ८७० | १५११ | ४.९६ | ७३.६७ |
| ४०-४४ | ५९४ | ८२८ | १४२२ | ४.६७ | ७१.७३ |
| ४५-४९ | ५२९ | २९८ | १२२७ | ४.०३ | ७५.७८ |
| ५०-५४ | ५८० | ५७१ | ११५१ | ५.०९ | १०१.५७ |
| ५५-५९ | ४६१ | ५३६ | ९९७ | ३.२७ | ८६.०० |
| ६०-६४ | ३९५ | ४९४ | ८८९ | २.९० | ७९.९५ |
| ६५-६९ | ३११ | ३८६ | ६९७ | २.२९ | ८०.५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७०-७४ | २१५ | २५५ | ४७० | १.५४ | ८४.३१ |
| ७५+ | २३१ | २६९ | ५०० | १.६४ | ८५.८७ |
| जम्मा | **१३७५१** | **१६६८४** | **३०४३५** | | **८२.४२** |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

यस नगरपालिकामा वि.सं २०६८ को जनगणना अनुसार ०-१४ वर्ष उमेर समूहको संख्या ११,९२१ ( ३९.१६ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या १२,२८४ (४०.३६ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या १५,२५९ (५०.१३ प्रतिशत) रहेको छ । तथ्याङ्कले नगरपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ । साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरूमा पनि यस नगरपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ । जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ ।

**उमेर अनुसार जनसंख्याको विवरण**




## ३.६ जातजाति समूहअनुसार जनसंख्याको विवरण :

यस नगरपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट विविधता रहेको पाईन्छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार पाटनमा कुल १५ किसिमका जातजातिको बसोबास रहेको पाईन्छ भने ४ किसिमका मातृभाषाभाषिहरुको वसोवास देखिन्छ । यसरी वैतडी जिल्लामा अवस्थित पाटन नगरपालिका मा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाति १३,७८३ जना (४५.२८%), दोस्रोमा ब्रामण ९१०३ (२९.९०%) तेश्रोमा कामी २२,१९ (७.२९%) र त्यसपछि दमाई ढोली १,४१२ (४.६३%) रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.९ : नगरपालिको जनसंख्या र जातको विवरण :**

| जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|
| *जम्मा जातजाती* | **३०४३५** | **१००** |
| *क्षेत्री* | १३७८३ | ४५.२८६ |
| *ब्रामण* | ९१०३ | २९.९०९ |
| *कामी* | २२१९ | ७.२९० |
| *दमाई/ढोली* | १४१२ | ४.६३९ |
| *ठकुरी* | १९०० | ६.२४२ |
| *सार्की* | १२७ | ०.४१७ |
| *लोहार* | ११८४ | ३.८९० |
| *मगर* | २६ | ०.०८५ |
| *राई* | १४ | ०.०४५ |
| *लिम्बु* | १३ | ०.०४२ |
| *थारू* | ११ | ०.०३६ |
| *कुमाल* | २३ | ०.०७५ |
| *दलित अन्य* | ५१७ | १.६९८ |
| *तराइ अन्य* | १३ | ०.०४२ |
| *अन्य* | ९० | ०.२९५ |




**तालिका नं.१० : वार्ड अनुसार नगरपालिको जनसंख्या र जातको विवरण :**

| वडा नं | जातजाति | जम्मा | प्रतिशत | महिला | पुरुश |
|---|---|---|---|---|---|
| १ | **जम्मा जातजाती** | **३९४५** | **१००** | **२१४७** | **१७९८** |
| | क्षेत्री | ४४४ | | २३४ | २१० |
| | ब्रामण | १९८३ | | १०७५ | ९०८ |
| | कामी | ७२९ | | ४०२ | ३३७ |
| | दमाई / ढोली | ११९ | | ४९ | ६० |
| | ठकुरी | ६३४ | | ३६८ | २६६ |
| | सार्की | ३२ | | १७ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | अन्य | ४ | | २ | २ |
| २ | **जम्मा जातजाती** | **२६०३** | | **११६५** | **१४३८** |
| | क्षेत्री | ७५९ | | ३४२ | ४१७ |
| | ब्रामण | १४४० | | ६५९ | ७८१ |
| | कामी | ३०३ | | १२५ | १७८ |
| | दमाई/ढोली | ८२ | | ३३ | ४९ |
| | लोहार | १८ | | ६ | १२ |
| | अन्य | १ | | ० | १ |
| ३ | **जम्मा जातजाती** | **२६०३** | | **११६५** | **१४३८** |
| | क्षेत्री | ७५९ | | ३४२ | ४१७ |
| | ब्रामण | १४४० | | ६५९ | ७८१ |
| | कामी | ३०३ | | १२५ | १७८ |
| | दमाई/ढोली | ८२ | | ३३ | ४९ |
| | लोहार | १८ | | ६ | १२ |
| | अन्य | १ | | ० | १ |
| ३ | **जम्मा जातजाती** | **२७९५** | | **१२३२** | **१५६३** |
| | क्षेत्री | ११३१ | | ४७७ | ६५४ |
| | ब्रामण | ११४० | | ५२१ | ६१९ |
| | कामी | २७० | | ११८ | १५२ |
| | दमाई/ढोली | ३९ | | २१ | १८ |
| | ठकुरी | ५१ | | १९ | ३२ |


| | | | | | |
|---|---|---|---|---|---|
| | लोहार | १५७ | | ७३ | ८४ |
| | अन्य | ७ | | ३ | ४ |
| ४ | **जम्मा जातजाती** | **३४६२** | | **१६०७** | **१८५५** |
| | क्षेत्री | १९१७ | | ९२७ | ९९० |
| | ब्रामण | ४६२ | | २०७ | २५५ |
| | थारु | ११ | | ५ | ६ |
| | कामी | १५ | | ५ | १० |
| | दमाई/ढोली | ७१२ | | ३१० | ४०२ |
| | ठकुरी | ३४४ | | १५३ | १९१ |
| | अन्य | १ | | ० | १ |
| ५ | **जम्मा जातजाती** | **२५५७** | | **१११४** | **१४४३** |
| | क्षेत्री | १८१० | | ७७७ | १०३३ |
| | ब्रामण | १५७ | | ६९ | ८८ |
| | कामी | ११५ | | ५५ | ६० |
| | दमाई/ढोली | १४४ | | ६१ | ८३ |
| | ठकुरी | १९५ | | ८२ | ११३ |
| | लोहार | ११४ | | ५३ | ६१ |
| | अन्य | २२ | | १७ | ५ |
| ६ | **जम्मा जातजाती** | **५२१७** | | **२४००** | **२८१७** |
| | क्षेत्री | २४४३ | | ११०३ | १३४० |
| | ब्रामण | ११४५ | | ५४८ | ५९७ |
| | मगर | ११ | | ५ | ६ |
| | कामी | ४४३ | | २०८ | २३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | दमाई/ढोली | २८ | | १४ | १४ |
| | ठकुरी | १०३ | | ३६ | ६७ |
| | कुमाल | २३ | | १४ | ९ |
| | लोहार | ४६६ | | १९३ | २७३ |
| | अन्य | २५ | | १७ | ८ |
| | दलित अन्य | ५१७ | | २५७ | २६० |
| | तराई अन्य | १३ | | ५ | ८ |
| ७ | **जम्मा जातजाती** | **२४०६** | | **१३१६** | **१०९०** |
| | क्षेत्री | ७९३ | | ४२५ | ३६८ |
| | ब्रामण | ५५१ | | ३०१ | २५० |
| | कामी | १३० | | ७२ | ५८ |
| | दमाई/ढोली | १६९ | | ९५ | ७४ |
| | ठकुरी | ४९४ | | २५४ | २४० |
| | लोहार | २६६ | | १३५ | १३१ |
| | अन्य | ३ | | २ | १ |
| ८ | **जम्मा जातजाती** | **२८८२** | | **१४६८** | **१४१४** |
| | क्षेत्री | २१६५ | | १०८२ | १०८३ |
| | ब्रामण | ४२० | | २१८ | २०२ |
| | मगर | १५ | | ९ | ६ |
| | कामी | १०० | | ५५ | ४५ |
| | राई | १४ | | १० | ४ |
| | दमाई/ढोली | ६० | | ३५ | २५ |
| | लिम्बु | १३ | | ७ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ठकुरी | १५ | | ८ | ७ |
| | लोहार | ६० | | ३३ | २७ |
| | अन्य | २० | | ११ | ९ |
| ९ | **जम्मा जातजाती** | **२०६५** | | **१०७६** | **९८९** |
| | क्षेत्री | १५४८ | | ८०७ | ७४१ |
| | ब्रामण | ४२० | | २१९ | २०१ |
| | कामी | ६३ | | ३१ | ३२ |
| | दमाई/ढोली | १५ | | ९ | ६ |
| | ठकुरी | २ | | १ | १ |
| | लोहार | १३ | | ७ | ६ |
| | अन्य | ४ | | २ | २ |
| १० | **जम्मा जातजाती** | **२५०३** | | **११८२** | **१३२१** |
| | क्षेत्री | ७७३ | | ३६६ | ४०७ |
| | ब्रामण | १३८५ | | ६५२ | ७३३ |
| | कामी | ५१ | | २२ | २९ |
| | दमाई/ढोली | ४४ | | २२ | २२ |
| | ठकुरी | ६२ | | २३ | ३९ |
| | सार्की | ९५ | | ५१ | ४४ |
| | लोहार | ९० | | ४४ | ४६ |
| | अन्य | ३ | | २ | |

## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण :

यस नगरपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा सबैभन्दा बढी वैतडेली भाषा बोल्नेहरुको संख्या अर्थात ३०,०८२ (९८.८४ प्रतिशत) रहेको देखिन्छ । दोस्रोमा नेपाली भाषा (२.३४ प्रतिशत) रहिन्दी बोल्ने संख्या २३ (०.०७ प्रतिशत) रहेको पाइन्छ। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।



**तालिका नं.११ :मातृभाषा अनुसार जनसंख्याको विवरण :**

| वडा. न | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १३ | ०.३२ |
| | मगर | १२ | ०.३० |
| | वैतडेली | ३९११ | ९९.१३ |
| | अन्य | ९ | ०.२२ |
| २ | नेपाली | १८ | ०.६९ |
| | वैतडेली | २५७९ | ९९.०७ |
| | अन्य | ६ | ०.२३ |
| ३ | नेपाली | ० | ० |
| | वैतडेली | २७९२ | ९९.८९ |
| | अन्य | ३ | ०.१० |
| ४ | नेपाली | ६१ | १.७६ |
| | वैतडेली | ३३९७ | ९८.१२ |
| | अन्य | ४ | ०.११ |
| ५ | नेपाली | ० | ० |
| | वैतडेली | २५३४ | ९९.१० |
| | अन्य | २३ | ०.८९ |
| ६ | नेपाली | ६९ | १.३२ |

| | | | |
|---|---|---|---|
| | मगर | ११ | ०.२१ |
| | वैतडेली | ५१०६ | ९७.८७ |
| | अन्य | ३१ | ०.५९ |
| ७ | नेपाली | ० | ० |
| | वैतडेली | २३९६ | ९९.५८ |
| | अन्य | १० | ०.४१ |
| ८ | नेपाली | २९ | १.०० |
| | वैतडेली | २८५० | ९८.८८ |
| | अन्य | ३ | ०.१० |
| ९ | नेपाली | १५ | ०.७२ |
| | वैतडेली | २०४६ | ९९.०७ |
| | अन्य | ४ | ०.१९ |
| १० | नेपाली | २९ | १.१५ |
| | वैतडेली | २४७१ | ९८.७२ |
| | अन्य | ३ | ०.११ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

### क) आदिवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ । यस नगरपालिकाको कुल जनसंख्या ३३,५१५ मध्ये १५.१६ प्रतिशत (५,०८२ जना) जनसंख्या आदिवासी (थारु, मगर, कुमाल, वादि राई, लिम्बु आदि) रहेको छ । जसमा सबैभन्दा बढी मगर जातिको संख्या २६ (०.८३ प्रतिशत) जनसंख्या रहेको

पाइन्छ । मुख्यतः कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ । एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातीहरुको आफ्नो मौलिक संस्कृतिलाई आधुनिकाको प्रभावको बीच बचाई राखेको पाइन्छ । यी समुदायद्वारा पाटन नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ । पाटन नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ । यस समुदायमाथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ ।

### ख) सिमान्तकृत तथा उत्पीडित समुदाय :

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ । जात जातिको हिसावले पाटन नगरपालिकामा सिमान्तकृत समुदायको वसोवास न्युन रहे पनि यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ । यस समुदायका प्रा.वि., नि.मा.वि, र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ । परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ । मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानूनी अपराधको रुपमा परिभाषित गरिएको ५ दशक भए पनि उत्पीडित र उपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ । निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ । त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ । राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन् । यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ । पाटनको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ ।

### *ग. धर्म :*

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन् । पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या  जनाको लगभग ९९ प्रतिशत हिन्दु धर्म मान्ने रहेका छन् । यस नगरपालिकाका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ । वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरामा तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट

अवसरहरूमा प्रस्तुत गरिन्छ । यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो । नगरपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन् । जस्तै, हिन्दू धर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध, कूल-थानी पूजा, ग्रामथान पूजा, बोल बम आदि चाडपर्वहरु मनाउने गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरुले ईद, वकरईद, आदि र क्रिश्चियनहरुले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे आदि मनाउने गर्दछन् । पहाडी मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् आधुनिकताको प्रभावसँगै सबै जातजातिका युवा, युवतीहरु क्रमशः पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् ।

## ३.८ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण :


**तालिका नं. १२ :परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण :**

| वडा | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५८२ | ७ | ० | ० | ५८९ |
| २ | ४७२ | ० | ० | २ | ४७४ |
| ३ | ५५७ | ७ | ० | १ | ५६५ |
| ४ | ६४० | ४ | ० | ० | ६४४ |
| ५ | ५०९ | ३ | ० | ० | ५१२ |
| ६ | १०४६ | ३८ | ३७ | १३ | ११३४ |
| ७ | ५३२ | २ | ० | ७ | ५४१ |
| ८ | ५४० | १० | ० | ३ | ५५३ |
| ९ | ३३३ | ९ | ० | २ | ३४४ |
| १० | ४०७ | ३ | ० | १ | ४११ |
| **जम्मा** | **५६१८** | **८३** | **३७** | **२९** | **५७६७** |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रतिशत | ९७.४१ | १.४३ | ०.६४ | ०.५० | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

तालिकामा पाटन नगरपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस नगरपालिकामा जम्मा ५,७६७ घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ५,६१८ (९७.४१ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ८३ (१.४३ प्रतिशत रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी ३७ (०.५० प्रतिशत) र अन्य घरधुरीको संख्या २९ (०.५० प्रतिशत) रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.९ घरमूलीको लैङ्गिक विवरण :

चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ। यसै


तथ्यांकलाई आधार मानी स्थानिय सरकारको रुपमा गठित गाउँपालिका/नगरपालिकाको महिला घरमूलिको विवरण उल्लेख गरिएको छ ।

**तालिका नं.१३ : घरमुलीको लैङ्गिक विवरण :**

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ५६५ | १३२ | ६९७ |
| २ | २९८ | १७६ | ४७४ |
| ३ | ४३१ | १३४ | ५६५ |
| ४ | ४३२ | २१२ | ६४४ |
| ५ | ३२३ | १८९ | ५१२ |
| ६ | ७९२ | ३४२ | ११३४ |
| ७ | ३११ | १२२ | ४३३ |
| ८ | ३९९ | १५४ | ५५३ |
| ९ | २५७ | ८७ | ३४४ |
| १० | २४६ | १६५ | ४११ |
| **जम्मा** | **४०५४** | **१७१३** | **५७६७** |
| प्रतिशत | **७०.२९** | **२९.७१** | **१००** |

वि.सं. २०६८ को केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा ५,७६७ घरधुरी संख्या रहेको यस नगरपालिकामा ७०.२९ प्रतिशत घरमा पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने २७.९१ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । नगरपालिकाको वडागतरुपमा लैङ्गिक घरधुरीको तुलना गर्दा समग्र सबै वडाहरुमा पूरुष नै बढि घरमूली भै घरको मुख्य जिम्मेवारी लिएको पाइन्छ। यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ। लैङ्गिक आधारमा

घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ साथै विवरणलाई तल स्तम्भमा चित्र प्रस्तुत गरिएको छ ।




## ३.१० महिलाका नाममा भएको घरको स्वामित्वको विवरण :


**तालिका नं.१४ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण :**

| वडा | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा घरधुरी |
|---|---|---|---|---|
| १ | ११२ | ५८५ | ० | ६९७ |
| २ | १६७ | ३०७ | ० | ४७४ |
| ३ | ९७ | ४६८ | ० | ५६५ |
| ४ | २१२ | ४३२ | ० | ६४४ |
| ५ | १७६ | ३३६ | ० | ५१२ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ४५३ | ६८१ | ० | ११३४ |
| ७ | ७८ | ३५५ | ० | ४३३ |
| ८ | १७६ | ३७७ | ० | ५५३ |
| ९ | ७६ | २६८ | ० | ३४४ |
| १० | १११ | ३०० | ० | ४११ |
| जम्मा | १६५८ | ४१०९ | ० | ५७६७ |
| प्रतिशत | **२८.७४** | **७१.२५** | **०** | **१००** |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा पाटन नगरपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ । जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या १६५८ (२८.७४ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ४१०९ (७१.२५ प्रतिशत) रहेको छ भने। जुन प्राप्त तथ्याङ्क अनुसार यस नगरपालिकामा अझै पनि महिलाको सवलिकरणका लागि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।





## ३.११ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण :

**तालिका नं.१५ : अनुपस्थित घरधुरी र जनसंख्याको विवरण :**

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | थाहा नभएको | अनुपस्थित पुरुष | अनुपस्थित महिला |
|---|---|---|---|---|---|
| २०६८ | ५६६७ | ३७२ | ११४ | २३४३ | २५५८ |
| प्रतिशत | १०० | ६.४५ | १.९७ | १६.७४ | १५.५५ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस पाटन नगरपालिकामा उपस्थित घरधुरीको संख्या ९१.५८ प्रतिशत अर्थात ५,१८१ रहेको छ भने अनुपस्थित घरधुरी संख्या ६.४५ प्रतिशत अर्थात ३७२ घरधुरी अनुपस्थिति रहेको देखिन्छ। १.९७ प्रतिशत अर्थात ११४ घरधुरी थाहा नभएको अवस्थामा छ। अनुपस्थित घरधुरी भन्नाले काम, रोजगार, अध्ययन वा अन्य प्रयोजनका लागि आफ्नो मूल थलो छोडी लामो समयसम्म बाहिर रहने जनसंख्या हो।




## ३.१२ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण :


**तालिका नं.१६ :बाहिरी गारोका आधारमा घरको बनोटको विवरण :**

| वार्ड न. | माटोको जोडाइ भएको इँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा RCC | काठ/ फल्याक | बाँसजन्य सामाग्री | काँचो इँटा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६८६ | ८ | १ | ० | ० | २ | ६९७ |
| २ | ६६७ | ७ | ० | ० | ० | ० | ४७४ |
| ३ | ५४४ | १० | ० | ० | ० | ११ | ५६५ |
| ४ | ६४० | २ | ० | ० | ० | २ | ६४४ |
|  | ५०२ | ५ | ० | ० | ० | ५ | ५१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | | | | | | | |
| ६ | ९९१ | १२५ | ३ | ५ | ० | १० | ११३४ |
| ७ | ४२५ | ३ | २ | ० | ० | ३ | ४३३ |
| ८ | ५१६ | १३ | ९ | ० | ० | १५ | ५५३ |
| ९ | ३३० | १४ | ० | ० | ० | ० | ३४४ |
| १० | ४०० | ९ | ० | ० | ० | २ | ४११ |
| जम्मा | ५५०१ | १९६ | १५ | ५ | ० | ५० | ५७६७ |
| **प्रतिशत** | **९५.३८** | **३.३९** | **०.२६** | **०.०८** | **०** | **०.८६** | **१००** |

*स्रोत: फिल्ड सर्वेक्षण,राष्ट्रिय जनगणना २०६८*

माथिको तथ्याङ्कलाई हेर्दा यस पाटन नगरपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ भएको इँटा तथा ढुङ्गाबाट बनेको सबैभन्दा धेरै घरधुरी संख्या ५,५०१ (९५.३८ प्रतिशत) छ भने सबैभन्दा कम बाँसजन्य साम्रगीले बनेको घरधुरी संख्या ५ (०.०८ प्रतिशत) रहेको छ । यसैगरी सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा भएको घरधुरी संख्या १९६ (३.३९ प्रतिशत), काठ तथा फल्याकबाट बनेको बाहिरी गारोको घरधुरी संख्या १५ (०.२६ प्रतिशत) रहेको छ भने । त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाइ भएको इँटा तथा ढुङ्गाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ९९१ वडा नं. ६ मा रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. ९ मा जम्मा ३३० घरधुरी संख्या रहेको पाईयो । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.१३ छानाको आधारमा घरको बनोटको विवरण :


**तालिका नं.१७ : छानाको आधारमा घरको बनोटको विवरण**

| वडा | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | माटो | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११ | १० | ६५९ | १० | १ | ० | १ | ५ | ६९७ |
| २ | ५ | ५ | ४५३ | २ | ० | ० | २ | ७ | ४७४ |
| ३ | ४ | ६ | ५४३ | ० | १ | ० | ० | ११ | ५६५ |
| ४ | २ | ४ | ६३४ | २ | ० | ० | ० | २ | ६४४ |
| ५ | २ | ४ | ४९५ | ६ | ० | ० | ० | ५ | ५१२ |
| ६ | १० | ३२ | ९८७ | ९५ | ० | ० | ० | १० | ११३४ |
| ७ | १६ | १२६ | २८१ | ५ | ० | ० | ० | ५ | ४३३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ८ | १५ | ४८७ | ८ | ३ | ० | ५ | ७ | ५५३ |
| ९ | ५ | १२ | ३०८ | १० | २ | ० | ४ | ३ | ३४४ |
| १० | १२ | ५ | ३७९ | १० | ० | ० | ० | ५ | ४११ |
| **जम्मा** | **७५** | **२१९** | **५२२६** | **२०५** | **७** | **०** | **१२** | **६०** | **५७६७** |
| **प्रतिशत** | **१.३०** | **३.७९** | **९०.६१** | **३.५५** | **०.१२** | **०** | **०.२०** | **१.०४** | **१००** |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

यस पाटन नगरपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरको संख्या सबैभन्दा धेरै ५,२२६ (९०.६१ प्रतिशत) रहेको छ भने सबैभन्दा थोरै काठ तथा फल्याकको छाना रहेको घरधुरी संख्या ७ (०.१२ प्रतिशत) रहेको छ । यसैगरी दोस्रो खर/पराल/छ्वालीको छाना भएका घरधुरी २१९ (३.७९ प्रतिशत), तेश्रोमा सिमेन्ट ढलान भएको २०५ घरधुरी (३.५५ प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा दिइएको छ ।



## ३.१६ जगको आधारमा घरको बनोटको विवरण :

**तालिका नं.१८ :जगको आधारमा घरको बनोटको विवरण :**

| वडा | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गा | ढलान पिल्लरसहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६७९ | ७ | ३ | १ | १२ | ५ | ६९७ |
| २ | ४५८ | २ | ० | ० | ७ | ७ | ४७४ |
| ३ | ५४९ | ० | ० | १ | ४ | ११ | ५६५ |
| ४ | ६३८ | १ | १ | ० | २ | २ | ६४४ |
| ५ | ४९९ | ४ | २ | ० | २ | ५ | ५१२ |
| ६ | १०१९ | ३५ | ६० | ० | १० | १० | ११३४ |
| ७ | ४०७ | ३ | २ | ० | १६ | ५ | ४३३ |
| ८ | ५०२ | १२ | १६ | ३ | १३ | ७ | ५५३ |
| ९ | ३२० | ५ | ५ | २ | ९ | ३ | ३४४ |
| १० | ३८४ | ७ | ३ | ० | १२ | ५ | ४११ |
| **जम्मा** | **५४५५** | **७६** | **९२** | **७** | **८७** | **६०** | **५७६७** |
| **प्रतिशत** | **९४.५८** | **१.३१** | **१.५९** | **०.१२** | **१.५०** | **१.०४** | **१००** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

पाटन नगरपालिकामा परिवारले प्रयोग गरेको माटोको जोडाइ भएको ईँटा तथा ढुंगाको जगभएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ५४,५५ (९४.५८ प्रतिशत) छन् भने सवैभन्दा कम काठको खम्बा गाडेको जग भएको ७ (०.१२ प्रतिशत), सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुंगाबाट बनेको घरको जग भएका घरधुरी ७६ (१.३१ प्रतिशत )। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### क) घर निर्माणका किसिमहरु :

पाटन नगरपालिका भित्र रहेका घरको स्वरुपलाई हेर्दा सबैभन्दा बढि माटोको जोडाइ भएको इँटा तथा ढुंगाको जग र गारो पनि माटोको जोडाइ भएको इँटा तथा ढुंगा र छाना चाहि टायल, खपडा, झिँगटी तथा ढुङ्गाको भएको पाईयो । नगरमा भूकम्प जोखिमरहित भवन न्यून मात्र रहेकोमा कुनै पनि बेला भूकम्प आएको खण्डमा सजिलै भत्किने अवस्था छ तसर्थ यस्ता भवनहरुको कसरी निर्माण गर्ने, भूकम्प आएको खण्डमा कसरी जोगिने, नयाँ भवन बनाउँदा कसरी बनाउने जस्ता विषयमा आधारित चेतनामुलक कार्यक्रम संचालन गर्न जरुरी छ ।

## ३.१४ बसाई सराईको अवस्था :

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । पहाडी जिल्लाहरुमा बसाई सराईको इतिहास वि.सं. २०१९ सालदेखि प्रारम्भ भएको मान्न सकिन्छ । यस पाटन नगरपालिकामा छिमेकी गाउँपालिका एवं जिल्लाबाट बसाई सराई गर्ने क्रममावृद्धि भएको देखिन्छ । विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थायी वा अस्थाई रुपमाबसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी आउनुका विभिन्न कारणहरु छन् । ती मध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् ।

बेरोजगारीको समस्या नगरपालिकाको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेशिने क्रम समेत नगरपालिकाबाट बढ्न थालेको छ । खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने र निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या निकै ठुलो रहने गरेको छ । उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा नगरपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ ।

## ३.१५ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण :

**तालिका नं.१९ :सामाजिक सुरक्षा सम्वन्धी विवरण :**


| वडा नं. | जन्म दर्ता | मृत्यु दर्ता | विवाह दर्ता | सम्बन्ध विच्छेद | बसाइ सराइ संख्या |
|---|---|---|---|---|---|
| १ | ८६ | ४४ | ७१ | ० | ९ |
| २ | ८८ | १३ | १५ | ० | ४० |
| ३ | १०९ | १७ | २२ | ० | ८ |
| ४ | १८४ | ३३ | ४० | ० | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | १३३ | ९ | ६ | ० | ३१ |
| ६ | १५४ | २५ | ५० | ० | ९९ |
| ७ | १४९ | २० | २४ | ० | २२ |
| ८ | १७०१ | २०१ | २८२ | ० | १४५ |
| ९ | ५६ | ११ | १३ | ० | १८ |
| १० | | | | | |
| **जम्मा** | **२७९** | **८३** | **६३३** | **०** | **१२६** |

*स्रोत : नगरपालिका कार्यालय , वडा कार्यालयहरु*

नगरपालिकामा २०७४ चैत्र मसान्त सम्मको व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ जसमा हालसम्म २७९बालबालीकाको जन्म दर्ता देखाइएको छ भने ८३जनाको मृत्यु दर्ता भएको देखिएको छ । विवाह दर्ताको स्थिति हेर्दा नगरपालिकामा ६३३ जनाको २०७४ सम्ममा विवाह दर्ता भएको देखिन्छ । सो अवधीमा नगरपालिकामा सम्बन्ध विच्छेदको घटना दर्ता नभएको देखिन्छ । यस अवधिमा जम्मा १२६ बसाई सराई दर्ता भएको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानूनी प्रक्रियाहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रियाहरु पालना गर्नु पर्ने हुन्छ । यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाई,सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।





**तालिका नं. २० नगरपालिकामा सामाजिक सुरक्षा सम्वन्धी विवरण :**

| वार्ड | ७० वर्षमा पाउने | | ६० वर्षमा पाउने (दलित) | | एकल महिला | अपाङ्ग | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुश | महिला | पुरुश | | क | ख |
| १ | १८ | २८ | २५ | २२ | १८ | २ | १० |
| २ | ८४ | ४५ | ५५ | ३१ | ६६ | ५ | ८ |
| ३ | ६२ | २६ | २५ | २० | ११३ | ६ | ७ |
| ४ | ६५ | ७५ | ३५ | ४१ | १३० | ५ | ३० |
| ५ | ५८ | ३२ | ४० | १२ | १०५ | ६ | ११ |
| ६ | ७७ | ५४ | ७३ | ६८ | ७८ | ९ | १९ |
| ७ | ६३ | ३६ | ८० | ३१ | ७० | ४ | १० |
| ८ | १०४ | ९६ | ८१ | ७७ | ८५ | ९ | ४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | ९८ | ८६ | ६१ | ५८ | ४९ | ५ | ६ |
| १० | ४३ | २८ | ९ | ६ | ५४ | ३ | ४ |
| जम्मा | ६७२ | ५०६ | ४८४ | ३६६ | ७६८ | ५४ | १४५ |


*स्रोत : नगरपालिका कार्यालय , वडा कार्यालयहरु*



## नक्सा नं. १२ : नगरपालिकाको वसाई सराई  भएको नक्सा :

**Wardwise Migrated Population Map of Patan Municipality**

*Baitadi, Nepal*




# खण्ड ४ : भू-उपयोग

## ४.१ नगरपालिकाको भू-उपयोगको विवरण :

**तालिका नं. २१ : भू-उपयोग विश्लेषण :**

| विवरण | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|
| खेती योग्य जमिन | ३२२९.६४ | १४.७३ |
| वनजंगल | १६८१९.१३ | ७६.७१ |
| ताल,खोला, नदी, पोखरी, | ३५.०८ | ०.१६ |
| झाडी बुट्यान | ११५५.४८ | ५.२७ |
| चट्टान | २.१९ | ०.०१ |
| वालुवा | १९६.३३ | ०.९० |
| अन्य (घाँस, बगर) | ४८६.७५ | २.२२ |
| कुल क्षेत्रफल | २१९.२५६ | १०० |

## नक्सा नं. १३ : नगरपालिकाको भू -उपयोग  भएको नक्सा



पाटन नगरपालिकाको विधमान भू-उपयोग हेर्दा नगरपालिकाको १४.७३ प्रतिशत (३२२९.६४ हे.) जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ भने ७६.७१ प्रतिशत (१६८१९.१३ हे.) वनले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ । पाटन नगरपालिकामा जलाशय क्षेत्रले करिव ०.१६ प्रतिशत (३५.०८ हे.) त्यस्तै अन्य ( घाँस, बगर) क्षेत्रले करिव २.२२ प्रतिशत (४८६.७५ हे.) जग्गा ओगटेको पाइन्छ । नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

## ४.२ वस्ती विकासको स्वरुप :

वैतडी जिल्लाको सदरमुकाम पछि द्रोश्रो ठूलो नगरपालिका पाटन नगरपालिकाशिक्षा विकास र सरकारी सेवा सुविधाको हिसावले पहुँच भएको नगरपालिका हो यस नगरपालिकामा जिल्ला स्थित सरकारी कार्यालयहरुपनि रहेका छन । यहाँको सडक सञ्जाल देशको सबै मुख्य मुख्य शहरी क्षेत्रहरुसँग जोडिएको हुँदा नगरपालिकाको सबै वडाहरुमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिन्छ । यसका अतिरिक्त अधिकांश क्षेत्रहरू क्रमिक विकास भैरहेका छन् । जिल्लामा अधिकांश भू-व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित नगरपालिका योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ । नगरपालिकाबासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडा मै संयुक्त वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन् । यसका अतिरिक्त पाटन नगरपालिकाले नगरपालिका विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु (NGOs),सामुदायिक संस्थाहरु (CBOs), टोल विकास संस्थाहरु (TLO), वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली ( Planning) आदिलाई समावेश गरी वृहत छलफल पश्चात प्रत्येक टोलमा फोहर व्यवस्थापनका लागि कन्टेनर, प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र शौचालयको व्यवस्था गर्नुपर्ने, विभिन्न वडाका घरधुरीका लागि खानेपानीको परियोजना आदि विकास निर्माणका योजनाहरु गर्नुपर्ने देखिन्छ ।

## पाटन नगरपालिका वस्तीको फोटो



## ४.३ क्रमिक विकास भैरहेका बस्तीहरूको वर्तमान स्वरुप :

पाटन नगरपालिका जलवायुको हिसाबले बसोबासको लागि उपयुक्त मानिएको छ । ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत क्रमश विकास भैरहेको र शिक्षा, स्वास्थ्य जस्ता सामाजिक पूर्वाधारहरु समेत विकास भैरहेको सन्दर्भमा नगरपालिकाका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास भइरहेको छ । हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिकबस सेवाको क्रमिक विस्तार हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न नगरपालिकाहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना समयमै बनाउनु आवश्यक छ।

नगरपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।शहरोन्मुख बस्ती विकासको सन्दर्भमा नगरपालिकासाथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका नगरपालिका विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ भू-क्षय सम्भावित क्षेत्र :

नगरपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। वनविनासको असर, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित भूक्षय र बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी हुनाले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलतः नगरपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले रअनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। यसका लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरूअबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.५ भूक्षय तथा प्रकोप :

**तालिका नं.२२ :नगरपालिकामा भएका प्रकोपको विवरण :**

| वडा न. | स्थान | प्रकोपबाट प्रमावित | | | |
|---|---|---|---|---|---|
| | | भएका परिवार | | नभएका परिवार | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | सकार | २७ | ३.८३ | ६९७ | ९६.१७ |
| २ | सिलङ्गा | ३९ | ८.२२ | ४७४ | ९१७८ |
| ३ | गुजर | ४१ | ७.२५ | ५६५ | ९२.७५ |
| ४ | भुमेश्वर | ५३ | ८.२२ | ६४४ | ९१.७८ |
| ५ | वसन्तपुर | ७९ | १५.४२ | ५१२ | ८४.५८ |
| ६ | पाटन | ५९ | ५.२० | ११३४ | ९४.८० |
| ७ | कैलपाल | ५२ | १२.०३ | ४३२ | ८७.१७ |
| ८ | सिद्धेश्वर | १९ | ३.४३ | ५५३ | ९६.५७ |
| ९ | सिद्धेश्वर | ६४ | १८.६० | ३४४ | ८१.४० |
| १० | सिद्धपुर | ५४ | १३.१३ | ४११ | ८६.८७ |
| जम्मा | | **४८७** | **८.४४** | **५७६७** | **९१.५६** |

*श्रोत : जिल्ला दैवि प्रकोप समिति ,वार्ड छलफल स्थलगत सर्वेक्षण*

नगरमा क्षेत्रका १० वटै वार्डहरुमा सम्भावित प्रकोप हुनसक्ने सम्भावना रहेको पाइन्छ पहाडी भु:भाग कमजोर काटोका कारण पहिरो जाने सम्भावना रहेको छ । विभिन्न प्रकोपबाट जस्तै बाढि पहिरो, रोग आदिबाट प्रभावित भएका परिवार कुल ४८७ जना छन् भने प्रभावित नभएका परिवार ५,७६७ जना छन जसको विस्तृत विवरण माथी तालिकामा उल्लेख गरिएको छ ।

## ४.६ नगरपालिका क्षेत्रमा हुन सक्ने संभावित प्रकोपको विवरण :

**तालिका नं. २३ : नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण :**

| क्र. सं. | सम्भावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भुकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वभर ११औ स्थानमा रहेकोले पाटन नगरपालिकामा भुकम्प प्रतिरोधात्मक घर कम मात्रामा भएको | जुनसुकै समयमा |
| २ | बाढी बाढी | नगरपालिकामा विषेषत ठुला नदी नभएपनि साना खोलाहरु बर्षादको समयमा आसपासका भुभागहरु वर्षेनी डुवान र कटान गर्ने गरेको | बर्षाको समय |
| ३ | आगलागी | नगरपालिकाको धेरै भु-भागमा घनावस्ती रहेको लगायत अति विपन्न समुदायका घरहरु सचेतना अभाव ,अग्नि नियन्त्रण यन्त्रहरुका अभाव,हावाहुरी चलेको वेला खाना पकाउनु खाना पकाईसकेपछी चुलहोमा आगो राख्नु सलाई लाईटर जस्ता वस्तुहरु वच्चाहरुले चलाउनु आदीको कारण आगलागी हुने गरेको । | चैत्र-असार |
| ४ | महामारी | भुकम्प,वाढी जस्ता ठुला प्रकोप पश्यात प्रकोपको रुपमा झाडापखाला लगायत पानीजन्य रोगहरु वढने गरेको स्रोत साधन अभाव र जनचेतना कमी | विपत पछि अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्यफ्लु | अव्यावस्थित कुखुरापालन ,स्वाईन फ्लु आदी | जुनसुकै समयमा |
| ६ | जंगली जनावर आतंक | नगरपालिकाको जंगल वरीपरि वसोवास गर्ने वस्तीहरु | जुनसुकै समयमा |
| ७ | मौसमी सुख्खा | पानी नपरेको वेला सिचाई नहुने क्षेत्रमा | असार -भदौ |
| ८ | किट आतंक | जलवायु परिवर्तनका ,वढी विषदी प्रयोगका कारण लाभगारी चरा किरा लोप | खेती मौसम |
| ९ | चट्याङ, असिना | वढी जसो वर्षादको समयमा,पानी परेको समयमा | जुनसुकै समय |

*स्रोत : जिल्ला दैवि प्रकोप समिति ,वार्ड छलफल*

# खण्ड : ५ आर्थिक क्षेत्र तथा रोजगारको स्थिती

## ५.१ नगरपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप :

नगरपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, व्यापार उद्योग, पानी, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी र माटोको बनोट भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकाका सबै वडाहरुमा रणनीतिक तथा शहरी सडक सञ्जालका कारण नगरपालिकाका सबै वडा तथा जिल्लाभित्रका सबै गाविसहरूमा पहुँच सहज बनाएको छ।त्यसैगरी नगरपालिकामा ठूलो संख्यामा रहेका तालहरूसहितको सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले जिल्लाको विकासमा थप सम्भावना बोकेका छन्। पाटन नगरपालिका बैतडी जिल्लाको एकदमै रमणीय, धार्मिक तथा ऐतिहासिक नगरपालिकाको रुपमा चिनिन्छ। तसर्थ यस नगरपालिकामा क्षेत्रीय आकर्षण रहनु, जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानून, नीति, नियम कार्यान्वयनमा रहनुलगायत विभिन्न अवसरहरू नगरपालिकाको विकासका लागि रहेका छन्।

मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्। यस नगरपालिकाका मानिसहरु साना तथा मझौला उद्योगहरुको विकास तर्फ लागिरहेका देखिन्छन्। नगरपालिकाको आर्थिक क्रियाकलापको अर्को विकल्प वैदेशिक रोजगार पनि हो।


प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरु मध्ये बैतडी जिल्ला र विशेषत: पाटन नगरपालिकाको महत्वपूर्ण स्थान रहेको छ। विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन्।

## *५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था :*

**तालिका नं. २४ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था :**

| कुल जनसंख्या | पूरुष | महिला | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| ३०४३५ | ६५५१ | ८७०८ | १५२५९ |
| कुल जम्मा | | १५२५९ | ५०.१३ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




नगरपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ । जसमा पुरुषको संख्या ६५५१ (४२.९३ प्रतिशत), महिलाको संख्या ८७०८ (५७.०६ प्रतिशत) देखिन्छ ।

## ५.३ आश्रित जनसंख्याको विवरण :

**तालिका नं.२५ : आश्रित जनसंख्या विवरण :**

| जनगणना वर्ष | आश्रित वालवालिका ( ०-१४) वर्ष | | आश्रित वृद्धवृद्धाहरु (६० भन्दा माथी ) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ११३९६ | ३७.४४ | २५५६ | ८.३९ | १३९५२ | ४५.८४ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

नगरपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ । जसमा आश्रित बालबालिकाको संख्या ११,३९६ (८१.६८ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या २५५६ (८.३९ प्रतिशत) देखिन्छ । कुल

जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या १३९५२ (४५.८४ प्रतिशत) देखिन्छ । जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ ।

## ५.४ कृषि :

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धीविविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि विकास मन्त्रालय र सहकारी तथा गरिबी निवारण मन्त्रालय र केन्द्रिय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको वैज्ञानिक सदुपयोग विस्तारै सिर्जना हुनु पनि हो । कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ ।नगरपालिका सामान्यत : कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु , प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । नगरपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । कृषि योग्य जमिनको पूर्णत सदुपयोग गर्न सके वार्षिक आयमा बृद्धिगरी जीवनस्तर उकास्नुका साथै रोजगारी समेत श्रृजना हुन सक्ने देखिन्छ ।

### (क) हिउँदे बाली :

नगरपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा कोदो, फापर, जौ, उखु , मास, राजमा, भटमास, तोरी, तिल, केरा, आलु, मसला बाली आदि रहेका छन् ।

### (ख) वर्षे बाली

नगरपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, गहत, आलु, कागती निबुवा, ओखर, केरा, मसला बाली, अदुवा आदि छन् ।

## ५.४.१ कृषिजन्य बाली सम्बन्धी विवरण :

## ५.४.२ कृषि बालीमा लाग्ने रोग :

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदि नै मुख्य रुपमा रहेको पाइन्छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

**तालिका नं. २७ : विभिन्न बालीमा लाग्ने रोग विवरण :**

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो,पात वेरुवा,पात कटुवा,हरियो फडके,खैरो फडके,स्किपर,पतेरो,मिलिवग,निमाटोड,ढुङ्गे,फट्याङग्रा | मरुवा,डढुवा,खैरो,थोप्ले,सिथ ब्लाईट,खैरे रोग |
| २ | गहु | कटवर्म,वायरवर्म,लाही | कालोपोके,सिन्दुरे,खैरा |
| ३ | मकै | खुम्रे,फेदकटुवा,गवारो,फट्ग्रा,लाही | डाठकुहिने,घोगाकुहिने,कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा,खुम् रातो कमिला,धमिरा आलुको पुतली | डढुवा,भाईरस |
| ५ | तरकारी | भन्टाको गवारो,लाही,वन्दाको पुतली,टमाटर फलको गवारो,फल कुहाउने औसा,सुलसुले,रातो खपटे,डल्ले खपटे,थिप्स,खुम्रे | ओईलाउनेरोग,अल्टरनोरिया,क्लवरट,ड्याम्पिङ्ग अफ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | फलफूल | ग्वारो,फल पतेरो | कुहाउने,औसा,सुलसुले,अनारको | पुतली | एनथ्राक्नोजा,सेतो ढुसी,डाईव्याक,आपको गुच्चा हुने,डाउनी मिल्ड्यु |
| ७ | केरा खेती | | गवारो | | पात डढुवा |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय*

## ५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण :

कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन पाटन नगरपालिकामा निम्नानुसारका कृषि सेवाकेन्द्रहरू स्थापना गरिएका छन् ।

**तालिका नं. २८ : कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण :**

| सि.नं. | कृषि सेवाकेन्द्र र सम्पर्कस्थल | कार्यक्षेत्र गा.बि.स. /नगरपालिका | लक्षित घरधुरी |
|---|---|---|---|
| १ | पाटन सेवा केन्द्र | हाल न.पा लाई हस्तान्तरण भएको | पुरै न.पा |
| २ | खोडपे सेवा केन्द्र | हाल न.पा लाई हस्तान्तरण भएको | पुरै न.पा |

*श्रोतःफिल्ड सर्वेक्षण*

## ५.४.४ बाली पात्रो :

**तालिका नं.२९ : बाली पात्रो :**

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान बर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहु | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |

| | | | |
|---|---|---|---|
| ७ | | | |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

*स्रोतः फिल्ड सर्वेक्षण*

## ५.४.५ कृषि बजारीकरण :

निर्वाहमुखी र परम्परागत कृषि प्रणलीमा कृषि बजारको विकास भैसकेको थिएन यद्यपी परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरणका विभिन्न ढाँचाहरु प्रचलनमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुर्‍याएका छन् । नगरपालिकाका विभिन्न बजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ ।

यस पाटन नगरपालिकामा प्रमुख व्यापारीक केन्द्र जिल्ला सदरमुकाम रहेको साईलेक बजार हो । यहाँका अन्य व्यापारीक स्थानहरुमा पाटन बजार ,खोडपे वजार पनि हुन । यहाँका मुख्य बजारहरुमा कारोबार हुने मुख्य वस्तुहरु भनेको जडीबुटी, खाद्य, अन्नबाली, भाँडाकुँडा, माछा मासु, औषधि, कृषिऔजार, नुनतेल, आदि इत्यादि हुन् । करिब ९०० घरधुरी यस बजारबाट प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् जुन तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३० : बजारको नाम र प्रकृति (थोक, हाट, संकलन केन्द्र)**

| सि. नं. | बजारको नाम | बजारले ढाकेको स्थान | लाभान्वित हुने घरधुरी | कारोबार हुने मुख्य सेवा तथा वस्तुहरु |
|---|---|---|---|---|
| १ | पाटन वजार | पाटन | ३३५ | खाद्यवस्तु ,हार्डवेयर ,कपडा,सुर्तिजन्य,मादक पर्दाथ,फलफुल आदी |
| २ | खोडपे वजार | खोडपे | ३०० | " |
| ३ | ठाड वजार | ठाड | ३४ | " |
| ४ | अनारखोली वजार | अनारखोली | ४३ | " |
| ५ | विप्याकटाल वजार | विप्याकटाल | ३२ | " |
| ६ | हिरापुर वजार | हिरापुर | ५६ | " |
| ७ | मानीकाखान वजार | मानीकाखान | ४५ | " |
| ८ | गुरुडा वजार | गुरुडा | २३ | " |
| ९ | सिलंगा वजार | सिलंगा | ३२ | " |

स्रोत : फिल्ड सर्वेक्षण

## ५.४.६ कृषि पकेट क्षेत्रको बिबरण :

पाटन नगरपालिकामा कृषि पेशा अङ्गाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न जनशक्ति उच्च रहेको यस नगरपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे बाली, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ ।

**तालिका नं. ३१ : कृषि पकेट क्षेत्रको विवरण**

| क्र. सं. | पकेट क्षेत्रको विवरण | ठेगाना |
|---|---|---|
| १ | धान | पा.न.पा. ६ , ५ |
| २ | मकै | पा.न.पा. १ देखी १० सम्म |
| ३ | ताजा तरकारी | सवै १ देखी १० वडाहरुमा |
| ४ | आलु | पा.न.पा.७, ८, ९, १० |
| ५ | तोरी | छैन |
| ६ | बदाम | छैन |
| ७ | केरा | पा.न.पा. ९,१० |
| ८ | भैँसी पालन | पा.न.पा. १ देखी १० सम्म |
| ९ | सुन्तला | छैन |
| १० | मह उत्पादन | पा.न.पा. १ ,७, ९, १० |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय , वार्ड छलफल*

## ५.४.७ मौरीपालन :

प्रमुख रुपमा वन जङ्गल तथा खेती गरिएको क्षेत्रफल उल्लेख्य भएको कारण यस नगरपालिकामा मौरीपालनको प्रशस्त संभावना रहेको देखिन्छ । स्थलगत सर्वेक्षणबाट प्राप्त नतिजा विश्लेषण गर्दा यस नगरपालिकामा मौरीपालनबाट यहाँका जनसमुदायले निकै लाभ लिइसकेका छैनन । माहुरी पालनबाट व्यावसायिक पेशा अगालेका घरधुरी नभएपनि कसै कसैले १,२ वटा घारहरु राखेको स्थलगत सर्वेक्षण वाट देखियो ।

## ५.४.८ जग्गाको उर्वराशक्ति :

नगरपालिकामा १४.७३ प्रतिशत भूभाग खेतीयोग्य जमिनले ओगटेको छ। नगरपालिका क्षेत्रमा रहेकोबेसीँ तथा समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

## ५.४.९ एग्रोभेट सम्बन्धि विवरण :

यस नगरपालिकामा पशुपंक्षी पालनमा आएको व्यवसायिकताको लहरसँगै भेटेरिनरी औषधीको व्यवसाय पनि बढ्दै गएको पाइन्छ। स्थलगत सर्वेक्षणको रिपोट अनुसार यस नगरपालिकामा ३ वटा भेटेरिनरी औषधी पसलहरु संचालित छन्।

## ५.५ सिंचाइ :

यस पाटन नगरपालिका क्षेत्रमा रहेको नदी, ताल, खोलाको पानीलाई काठ, स्याउला र ढुङ्गाले कुलोमा पानी फर्काई परम्परागत तरिकाबाट संचालित कुलोहरू सिंचाइका आधारशिला हुन्। सिंचाइका प्रमुख श्रोतहरू स्थानीय साना खोलाहरू मात्रै हुन्। यी श्रोतहरू बाहेक नगरमा खेतीयोग्य जमिनमा सिंचाई गर्न पानीको श्रोत छैन। कृषिको लागि उर्वर माटो भएको र नगरमा ठूलो संख्यामा जनता कृषिमा नै निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रसस्त बृद्धि हुने देखिन्छ।सिचाइ सम्वन्धी विस्तृत विवरण तलको तालिकामा राखिएको छ।

**तालिका नं. ३२ : सिंचाईको विवरण :**

| सि. नं. | समूह सहकारीको नाम | ठेगाना | जनसख्या | सिचित क्षेत्रफल हे. | कैफियत |
|---|---|---|---|---|---|
| १ | लिमुडा सिचाई योजना | पा.न.पा. १ | ८०६ | ५० | |
| २ | कोतेडीगाड सिचाई योजना | पा.न.पा. | १०० | २० | |
| ३ | गोगनपानी सिचाई योजना | पा.न.पा. ७ | २०० | ५ | |
| ४ | पाङखोला सिचाई योजना | पा.न.पा. ७ | १५५ | ४ | |
| ५ | खोडपीखोला सिचाई योजना | पा.न.पा. ८ | २०५ | ५ | |
| ६ | डाडावाग सिचाई योजाना | पा.न.पा. १२ | १९५ | ४ | |

| | | | | |
|---|---|---|---|---|
| ७ | कुमालिगाड सिचाई योजना | पा.न.पा. ५ | १०२० | ८० |
| ८ | कोट सिचाई योजना | पा.न.पा. ११ | ४०० | २५ |
| ९ | स्याडीगाड सिचाई योजना | पा.न.पा. ५ | २२५ | २० |
| १० | अगडीगाड सिचाई योजना | पा.न.पा. ६ | ४९६ | ३० |
| ११ | हुक्केडाडा सिचाई योजना | पा.न.पा. ६ | १६० | २६ |
| १२ | अगडीगाड धनसैनी सिचाई योजना | पा.न.पा. ३ | ३१० | ३० |
| १३ | भित्तडी काकडा खेत सिचाई योजना | पा.न.पा. २ | २१९ | ४८ |
| १४ | पोडी सिचाई योजना | पा.न.पा. ६ | ३२१ | ४५ |

*श्रोतः सिचाई डिभिजन कार्यालय,पाटन*

## ५.६ पशुपालन :

नगरपालिकामा विशेषगरी गाई, भैंसी, बाखा यहाँका मुख्य घरपालुवा जनावर हुन । यी जनावरहरुको पालनले नगरपालिकाबासीहरुको जीविकोपार्जनमा सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन । त्यस्तै गरी भेटेनरी सेवा पनि नगरपालिकामा उपलब्ध रहेको छ । नगरपालिकामा जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरु समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पुऱ्याई रहेका छन् ।

### ५.६.१ पशु नश्ल :

नगरपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाखा, भेंडा आदि रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखातर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलोसंख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु यस क्षेत्रको समस्या हो । तसर्थ न्यून उत्पादक जनावरहरुलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु उत्तम हुन्छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ

। सारांशमा, विगतका वर्षहरुमा नगरपालिकाको पशुपालन क्षेत्र क्रमश वृद्धि हुँदै गैरहेको छ। जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ। तर यो परिमाणात्मक विकासको गति सुस्त छ।पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन। त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ। पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन।

## ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु :

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस नगरपालिका निकै बढी मात्रामा रहेको देखिन्छ। नगरपालिकामा देखिने पशु रोगहरूमा खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धी र जुका पर्दछन्। नगरपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आयात र आवत जावत, दयनीय व्यवस्थापन, खोप लगाउनु पर्छ भन्ने चेतनाको कमी आदि मान्न सकिन्छ। यी रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुते, चरचरे विरुद्ध यस नगरपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाट्टफुट रुपमा देखिने गरेका छन्। नगरपालिकाका विभिन्न वडाहरूमास्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्यसंचालन गर्न सकेमा धेरै हदसम्म उल्लेखित रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन। तथापि यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ।

## ५.६.३ डेरी उद्योगको विवरण :

यस नगरपालिकामा रहेका २ ठूला वजार पाटन वजार र खोडपे वजारमा गरी जम्मा ४ वटा डेरी संञ्चालनमा रहेका छन् डेरी संञ्चालन गर्ने व्यात्तिहरुलाई प्रयाप्त तालिम नभएको कारण सरसफाई र व्यावस्थापनमा कमी देखिएको छ र नगरपालिकाले यिनिहरुलाई तालिमको व्यावस्था गर्नुपर्ने आवश्यकता रहेको छ।

### ५.६.४ मासु बजारीकरण :

भैसी, माहुरी पालन जस्तै कुखुरा तथा बाखा पालन व्यवसायमा समेत नगरपालिकाले ठूलो फड्को मारेको छ । यति हुँदा हुँदै पनि मासु उपार्जन तर्फ व्यवसायिकताको खाँचो रहेको छ । नगरपालिकाको हकमा यसका मुख्य दुईटा कारणहरु आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालनको प्रयोजन अव्यावसायिक हुनु रहेका छन् । उदाहरणको लागि यस नगरपालिकाको बाखाको मुख्य स्रोत यस नगरको १० वटै वडाहरुमा रहेको छ बजार र सम्बन्धित अन्य सुविधाहरुको अभावले गर्दा बाखा पालनबाट मासुको व्यवसायीकरण तर्फ अपेक्षित योगदान सम्भव हुन सकि रहेको छैन । त्यसैगरी बंगुर पालनको पनि प्रचुर संम्भावना रहेको यस क्षेत्रमा यसको व्यावसाय खासै यहाँका उधमीहरुले अपनाएको देखिदैन यो मासु उत्पादनको लागि नभई सुरक्षित र छिटो आम्दानी प्राप्त गर्नको लागि पाठापाठी बेच्ने र छिटो आम्दानी गर्ने र आम्दानीमा उल्लेखनीय योगदान गर्न सकिन्थ्यो ।

### ५.६.५ दाना उद्योग सम्बन्धी विवरण :

पशुपंक्षी पालन तर्फ भएको व्यवसायिकताका विभिन्न प्रयासहरुसँगै विभिन्न आयामहरु थपिँदै जानु स्वभाविक हो किनकी व्यवसायिकताले गर्दा मुल्य श्रृङ्खला थपिँदै जान्छ। यसको फलस्वरुप नगरपालिकामा पशुपंक्षी दाना उद्योगहरु पनि स्थापना हुने क्रम जारी रहेको छ ।

## ५.७ पर्यटन :

पाटन नगरपालिका पर्यटनको सम्भावना बोकेको नगर हो । नगर भित्र भएको पयर्टकीय तथा धार्मिक क्षेत्रको संवर्द्धन तथा प्रवर्द्धन गर्न सके पर्यटकलाई आकर्षण गर्न सकिन्छ प्राकृतिक, ऐतिहासिक तथा धार्मिक महत्व राख्ने स्थल एवं श्रोतहरुलाई पहिचान गरी उचित व्यवस्थापन गर्ने कार्यमा जोड दिन सकेमा पर्यटकलाई आकर्षित गर्न सकिन्छ । पाटनमा प्यारागलाडिङ सञ्चालन गर्न सकेमा पर्यटकहरु आउने सम्भावना प्रबल रहेको छ । पर्यटन सम्बन्धी वैतडी जिल्लाको वास्तविकतालाई केलाउँदा वर्षभरिमा जिल्लामा कति पर्यटकहरु आउँछन् भन्ने स्पष्ट आँकडा छैन ।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको कारण नेपालको आकर्षक पर्यटन गन्तव्यहरुमध्ये पाटन नगरपालिका पनि एक महत्वपूर्ण स्थान रहेको पाइन्छ । पाटन नगरपालिकामा स्वदेशी पर्यटकहरुको आकर्षक बढी रहेको पाइन्छ ।

# ५.८ उद्योग :

## ५.८.१ उद्योग व्यवसाय सम्बन्धी विवरण :

**तालिका नं. ३३ : २०७३ आषाढ मसान्तसम्म कायम रहेको उद्योगहरुको संख्यात्मक विवरण**

| क.सं | व्यवसायको किसिम | पूजीगत लगानी (रु.) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५० हजार (संख्या) | १ लाख (संख्या) | २ लाख (संख्या) | ३ लाख (संख्या) | ४ लाख (संख्या) | ५ लाख (संख्या) | ६ लाख (संख्या) | ७ लाख (संख्या) | १० लाख र सो भन्दा माथि |
| १ | खाद्य, किराना | ४५ | २३ | ४ | ७ | ९ | ९ | १२ | १६ | १९ |
| २ | कपडा तथा फेन्स | २ | ३ | ६ | ८ | ७ | ८ | ९ | ६ | ५ |
| ३ | इलेक्ट्रोनिक एण्ड इलेक्टीकल | १ | ० | ३ | २ | ५ | २ | १ | १ | २ |
| ४ | स्टेश्नरी | १ | २ | ३ | ५ | २ | ६ | ४ | ४ | ७ |
| ५ | किराना फलफुल तथा तरकारी | ७ | २ | २ | ३ | १ | १ | १ | २ | ४ |
| ६ | मासु व्यवसायी | १ | ३ | ३ | २ | २ | ० | ० | ० | ० |
| ७ | मदिरा तथा कोल्ड स्टोर | ४ | २ | ५ | ३ | ६ | ९ | ८ | १२ | ५ |
| ८ | कम्प्यूटर नेट, इन्टरनेट फोटोकपी | २ | ३ | १ | ५ | २ | ३ | १ | १ | १ |
| ९ | निर्माण व्यवसायी सप्लायस | ० | १ | ३ | २ | ४ | ३ | ४ | २ | २ |
| १० | फर्निचर उद्योग | ० | ० | ० | १ | २ | १ | १ | २ | १ |
| ११ | प्रेस तथा छापाखाना | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | टेलर्स | ९ | २ | २ | ३ | १ | १ | २ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | एग्रोभेट | ० | ० | १ | २ | १ | १ | ० | ० | ० |
| १४ | हार्डवयर | ० | ० | ० | १ | ३ | २ | २ | ३ | २ |
| १६ | सुन, चादी | ० | ० | ० | ० | ० | ० | २ | ३ | ३ |

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय, वैतडी ,फिल्ड सर्वेक्षण

यस पाटन नगरपालिकामा १६ भन्दा बढि उद्योगहरु सञ्चालनमा आएका छन् । जसमध्ये ७ लाख पूजींमा सञ्चालनमा आएका उद्योगहरु प्रसस्त रहेका छन् जसमा खाद्य, किराना कपडा तथा फेन्सी र निर्माण व्यवसायी सप्लायर्समा बढि लगानी गरेको देखाइएको छ भने त्यसपछि इलेक्ट्रोनिक एण्ड इलेक्ट्रिकल, स्टेस्नरी तथा मदिरामा पनिलगानी बढि भएको देखाइएको छ जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३४ : व्यापार व्यावसायको विवरण :**

| क.सं. | लघु उद्योगको सिसिम | संख्या |
|---|---|---|
| १ | खाद्य तथा किराना स्टोर | ७२ |
| २ | कपडा तथा फेन्सी | १७ |
| ३ | इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल्स | १० |
| ४ | स्टेशनरी तथा पुस्तक पसल | ७ |
| ५ | किराना तथा फलफूल | ११ |
| ६ | मासु पसल | ७ |
| ७ | होटल तथा लज | २३ |
| ८ | मदिरा तथा कोल्ड स्टोर्स | २१ |
| ९ | कम्प्युटर तथा इन्टरनेट सर्भिस | ४ |
| १० | निर्माण व्यावसायी सप्लायर्स | ९ |
| ११ | फर्निचर | ४ |
| १२ | छापाखाना | ७ |
| १३ | एग्रोभेट | ३ |
| १४ | हार्डवेयर | ६ |

| | | |
|---|---|---|
| | | |
| १५ | सुन चाँदी पसल | ५ |
| १६ | विविध | ४ |
| | **जम्मा** | **२००** |

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय, वैतडी ,फिल्ड सर्वेक्षण

यस पाटन नगरपालिका क्षेत्रमा सञ्चालनमा भएका र वैतडी उद्योग बाणिज्य संघमा दर्ता भएको विभिन्न उद्योगहरुको संख्या २०० पुगेको देखिन्छ । जसमध्ये सबैभन्दा धैरै मात्रामा खाद्य तथा किराना स्टोर रहेका छन् भने दोस्रोमा निर्माण व्यावसायी सप्लार्यस रहेका छन् । सबै भन्दा कम भएको एग्रोभेट (३ ओटा) छ भने छापाखाना पनि ज्यादै न्यून रहेको देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ ।

## ५.९ व्यापार तथा उद्योगको विवरण :

यस नगरपालिका मार्फत् विभिन्न पहाडी जिल्लाहरू सँगको व्यापार समेत हुने गरेको छ। यहाँका स्थानिय बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, पाटन नगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराई जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसकाअतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ ।

पाटन नगरपालिकाका अधिकांश बासिन्दाहरु कृषि पेशामा आवद्ध भएका छन् । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन् । तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन् । सिलाई कटाई उद्योग, फर्निचर उद्योग,ग्रिल उद्योग, कुखुरा फार्म, पशु फार्म आदि यस नगरपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरु हुन् । यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।

## ५.१० थोक तथा खुद्रा व्यापार :

थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला सुदुरपश्चिमाञ्चल तथा तराईका अन्य जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ ।

## ५.१०.१ निकासी पैठारी स्थिति :

नगरपालिकाबाट बाहिर निकासी हुने बस्तुहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, साथै निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन् । आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन् ।

## ५.१०.२ ढुवानी तथा भण्डार व्यवस्था :

नगरपालिका भित्र उत्पादित मालसामानहरू नगरपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा, ट्रक, ट्याक्टर, जिप आदि रहेका छन् । नगरपालिकाको पक्की सडक नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण विशेषत वर्षातको समयमा आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारो रुपमा रहेको छ । नगरपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण गर्नुपर्ने देखिन्छ । नगरपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा ठूलो परीमाणमा संकलन गरी विक्री गर्ने गर्दछन । नगरपालिकाका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ ।

## ५.१०.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा :

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूले अन्य नगरपालिका तथा भारतीय बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सूचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट नगरपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस नगरपालिका लागिपरेको छ । नगरपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र नगरपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ ।

## ५.१०.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति :

नगरपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन् । यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उच्चतम उपयोग भएको पाइदैन । व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य नगरपालिकाहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

### क) कृषि जन्य पदार्थ :

नगरपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन् । यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइदैन भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य नगरपालिका तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ ।

### ख) बनजन्य

वन जंगलमा आधारित कच्चा मालमा साल, सल्लो, वाँज, उतिस, टुडी हो । साल, सिसौका काठहरु नगरपालिकाका साथै अन्य छिमेकी जिल्लाहरुबाट आयात गर्ने गरेको पाइन्छ । नगरपालिकामा उत्पादीत निगालो र बाँसको प्रयोग उद्योगको रुपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्यधिकरुपमा प्रयोग गरेको पाइन्छ ।

## ५.१०.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण :

- कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य नगरपालिका तथा छिमेकी जिल्लाहरुको बजारको रुपमा सेवा समेत पुर्‍याइरहेका छन् ।
- इटा, क्रसर, ग्रिल, काष्ठ सम्बन्धि उद्योगहरू स्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि नगरपालिका तथा जिल्लाहरुको बजारमा समेत सेवा पुर्‍याएको देखिन्छ ।

## ५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू :

नगरपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन् ।

समग्रमा यस नगरपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ । नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त संभावनाहरू रहेको छ ।

नगरपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित

गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा सुरक्षित र अनुकुल स्थानको जोहो गर्न सकिनेछ ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

नगरपालिकामा भएका तालतलैयाहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगरपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ ।

नगरपालिकामा ओगटेका वन क्षेत्रहरु सल्लाको वन, वाँज, साललगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ । कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, नजिकको अन्तर्राष्ट्रिय सीमा नाका तथा सुदूर पशिचमको आकर्षणको केन्द्र यही पाटन हुँदा नगरपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical Tourism) समेतको विकासको सम्भावना रहेको छ ।

नगरपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ ।

नगरपालिकाको नजिकमा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । नगरपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।

नगरपालिका लगायत देशमै बेरोजगारी समस्या एक चुनौती रहेकोले यस नगरपालिका समेत यसबाट प्रभावित छ साथै सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक

रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस नगरपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा नगरपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने सम्भावना देखिन्छ ।

## ५.१२ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण :

नगरपालिकाको अर्थतन्त्रमा वनपैदावर र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ । साथै यो नगरपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ । कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको क्रमिक विकास तथा उद्योग स्थापनाको सम्भावना साथै नगरपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ ।

## ५.१३ बैंकको विवरण :

नगरमा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरुमा वाणिज्य बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक नगरमा संचालित अन्य वित्तिय संस्थाहरुले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् । नगरमा संचालित ७ वटा बैंक तथा वित्तिय संस्थाहरुको विवरण निम्न बमोजिम रहेको छ ।

**तालिका नं. ३५ : बैंकहरुको विवरण :**

| क्र.सं | बैंकको नाम | संख्या |
|---|---|---|
| १ | रा.वा वैक शाखा रहित कार्यालय ,खोडपे | १ |
| २ | कृषि विकास बैक,लिमिटेड , पाटन | १ |
| ३ | महालक्ष्मी बिकास वैक , पाटन | १ |
| ४ | ग्लोवल आई.एम.ई बैक , पाटन,खोडपे | २ |
| ५ | लक्ष्मी लघुवित्त वित्तिय सहकारी संस्था ,पाटन | १ |
| ६ | स्वदेशीलघुवित्त वित्तिय सहकारी संस्था ,पाटन | १ |

| | | |
|---|---|---|
| ७ | नाडेपलघुवित्त वित्तिय सहकारी संस्था ,पाटन | १ |

*स्रोत : फिल्ड सर्वेक्षण*

## ५.१४ सहकारी संस्थाको विवरण :

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।नगरपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, उपभोक्ता, विद्युत, तरकारी तथा फलफूल, आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ ।

**तालिका नं. ३६ : सहकारी संस्थाको नामावली :**

| क्र. सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| १ | उदयदेव वचत तथा ऋण सहकारी संस्था | पाटन |
| २ | शिवलिङ्ग कृर्षि सहकारी संस्था | भुमेश्वर |
| ३ | सहभागी वचत तथा ऋण सहकारी संस्था | सिद्धपुर |
| ४ | भगवती  वचत उपभोक्ता सहकारी संस्था | सिद्धेश्वर |
| ५ | बनारसी वचत तथा ऋण सहकारी संस्था | गुजर |
| ६ | भुमीराज वचत तथा ऋण सहकारी संस्था | सकार |
| ७ | सुनौलो वचत तथा ऋण सहकारी संस्था | पाटन |
| ८ | शिव शक्ति विउ प्रवर्धन केन्द्र | पाटन |
| ९ | महारुद्र वचत तथा ऋण सहकारी संस्था | पाटन |
| १० | आमा विकास सहकारी संस्था | सिद्धेश्वर |

| | | |
|---|---|---|
| ११ | सिद्धेश्वर वचत तथा ऋण सहकारी संस्था | सिद्धेश्वर |
| १२ | निल पातल वचत तथा ऋण सहकारी संस्था | कैलपाल |
| १४ | महालक्ष्मी सहकारी संस्था | सिद्धपुर |

*स्रोत : फिल्ड सर्वेक्षण*

## ५.१५ संघ संस्था तथा विभिन्न समूहहरु :

यस नगरपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन् । कार्यरत गैर सरकारी संस्थाहरुको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३७ : नगरपालिकामा सञ्चालनमा रहेका गै.स.स हरुको बिबरण :**

| गै.स.स को नाम | कामको प्रकृती | कार्यक्रम संञ्चालन भएका वडाहरु |
|---|---|---|
| सुआहारा | पोषण | सवै |
| पहल | आयआर्जन, पोषण | सवै |
| गरिवि निवारण | आयआर्जन ,भौतिक पुर्वाधार | सवै |
| MPDS | जनचेतना HIV सम्वन्धी | सवै |
| BCDO | आयआर्जन ,भौतिक पुर्वाधार | सवै |
| स्वदेश | आयआर्जन ,भौतिक पुर्वाधार | सवै |
| परिवार नियोजन कार्यक्रम | परिवार नियोजन वारे जनचेतना | सवै |
| **रेडक्रश** | **जनचेतना** | **सवै** |

*स्रोत : फिल्ड सर्वेक्षण*

# खण्ड : ६ भौतिक तथा सार्वजनिक पूर्वाधार :


## ६.१ सडक तथा यातायात :

### (क) यातायात सेवा

डडेल्धुरा जिल्लाको सदरमुकाम देखी पाटन नगरपालिकाको सबै पाटन वजार हुदै महाकाली लोकमार्ग कालोपत्रे सडक छ। जसले वैतडीको सदरमुकाम सम्म जोडिएको छ। नगरपालिकाको केन्द्र पाटन देखी देशका विभिन्न स्थानमा लामो दुरीमा यात्रा गर्न सजिलो बनाएको छ। पाटन नगरपालिकादेखि संघिय राजधानी काठमाण्डौ, नेपालगञ्ज प्रदेश राजधानी धनगढी ,महेन्द्रनगर लगायत देशका विभिन्न भागमा दैनिक यातायात सञ्चालनमा रहेको छ। वैतडी-काठमाडौँको एसी, डिलक्स बस सेवा पनि सञ्चालनमा रहेको छ। यसको साथै नगरपालिकाका सबै वार्डहरुमा यातायात सुविधाले छोएको छ र थप ६० वटा रोडहरु सडक गुरुयोजना वनाई काम थालनी भएको छ। यति हुँदाहुँदै पनि नगरपालिका उच्च पहाडी भूभागमा अवस्थित भएको कारण नगरपालिकाका सबै वडाहरूको सबै भुभागमा सडक सञ्जाल विस्तार हुन सकेको छैन। भएका सडकहरू नगरपालिकाको खेती योग्य जमिनमा सिंचाइको व्यवस्था राम्रो भएकोले खाद्यान्न, उखु , आलु, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा नगरपालिकाका सबै वडाहरुमा सडकको सुविधा सजिलो नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन गाह्रो परेको देखिन्छ। नगरपालिकाका सबै वडाहरुमा सडकको विस्तार सन्तोषजनक नभएकोले गाउँबासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन निक्कै नै अप्ठ्यारो भएको देखिन्छ। नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरपालिकामा ट्याक्टर, जीप, मोटरसाइकल, साइकलको समेत उपयोग गरिएको देखिन्छ । नगरपालिकाका सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ।

सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ। यस नगरपालिकामा यातायातको साधनको रुपमा जिप प्रयोग भएको देखिन्छ। बाटो सानो तथा कच्ची भएकाले सवारी साधनको रुपमा जिप नै यहाँको प्रमुख यातायातको साधनको रुपमा देखिएको छ। दिगो पर्यटन विकासका लागि नियमित सवारी साधनको पहुँच र सडक विस्तारको महत्वपूर्ण भूमिका रहन्छ। अतः नगरपालिकाको सर्वाङ्गीण विकास एवं दिगो पर्यटन प्रवर्द्धनका लागि बाटोघाटो र यातायातको समुचित विकासका लागि जोड दिनु पर्ने आवश्यकता छ।

**नक्सा नं. १४ : सडक संञ्जाल भएको नक्सा**



**तालिका नं. ३८ : नगरपालिकामा रहेका रोडहरुको बिबरण :**

| *क स* | *नाम* | *ठेगाना* |
|---|---|---|
| १ | तिलकुडा गुरुडा सडक | पा.न.पा. ३ |
| २ | देवलदिव्यपुर उपल्ला बाटुला पाटन सडक | पा.न.पा. ७,१ |
| ३ | बेडौतीगुजर हुदै रौलेश्वर सडक | पा.न.पा. ३ |
| ४ | गैलेक चपडा ठुली खाली सडक | पा.न.पा. १० |
| ५ | सिद्देश्वर किचार रौलेश्वर सडक | पा.न.पा. ९ |
| ६ | देहीमाण्डौ बसन्तपुर सडक | पा.न.पा. ५ |
| ७ | चुल्लेक कैलपाल सडक | पा.न.पा. १,७ |
| ८ | चुच्याई खोल्सी सुकेली सडक | पा.न.पा. ४ |
| ९ | बकुल्लाचिल्लेपानी र ठाड बगाडी बसन्तपुर सडक | पा.न.पा. ४,५ |
| १० | चुल्लेक डैशेलीलदौली सडक | पा.न.पा. १ |
| ११ | लोर्खा सकार कैलपाल सडक | पा.न.पा. १ |
| १२ | डैशेली सकार जेबलापोखरी सडक | पा.न.पा. १ |
| १३ | अडतोला बाटसला सौ सडक | पा.न.पा. १ |
| १४ | मनिकाखान मलोडा बजार पाटन सडक | पा.न.पा. २ |
| १५ | रुइसानी, ढुंगेली सिन्टोल सडक | पा.न.पा. २ |
| १६ | अनारखोली लिउडेगडा सडक | पा.न.पा. २ |
| १७ | सिनटोल देखि महारुदसम्म सडक | पा.न.पा. २ |
| १८ | फत्केनुलोटनेमाडु देखि सिलंगा सडक | पा.न.पा. २ |
| १९ | बत्थी गडान सुकाबैनीहुदै कल्तडी सडक | पा.न.पा. ३ |

| | | |
|---|---|---|
| २० | झालीमाली गुरालीहुदै वडा कार्यालय सम्म सडक | पा.न.पा. ३ |
| २१ | छिनी मोड देखि गौडाली प्रा.वि. सम्म सडक | पा.न.पा. ३ |
| २२ | भासु गुरुडा हुदै जडाकोट सम्म सडक | पा.न.पा. ३ |
| २३ | धुरा पिपलचौतारा देखि बुगडा प्रा.वि. सम्म सडक | पा.न.पा. ३ |
| २४ | कनेडा दह हुदै गौडाली सडक | पा.न.पा. ३ |
| २५ | तोलीपाखाधार सडक | पा.न.पा. ४ |
| २६ | जोलावाजपाखाधार सडक | पा.न.पा. ४ |
| २७ | चुच्याई खोल्सी सडक | पा.न.पा. ४ |
| २८ | जोलावाजखोल्सी सडक | पा.न.पा. ४ |
| २९ | जेउडे पातालभुमेश्वर सडक | पा.न.पा. ४ |
| ३० | सिउडे देवीनगरहुँदै ढकाली पर्यटक सडक | पा.न.पा. ४ |
| ३१ | सिवलिंगमन्दिर जाने सडक | पा.न.पा. ४ |
| ३२ | गुरुखोला मुस्याचौर वसन्तपुर सडक निर्माण | पा.न.पा. ५ |
| ३३ | ओदालीवसन्तपुर सडक निर्माण | पा.न.पा. ५ |
| ३४ | कनेडा मोड देखि भुण हुदै महारुद्र मोड सम्म सडक | पा.न.पा. ६ |
| ३५ | पंचेश्वर मुल सडक देखि टुडे गैर सम्म | पा.न.पा. ६ |
| ३६ | झौलेक, कौलेक, हुदै ज्यापु सम्म सडक | पा.न.पा. ८ |
| ३७ | जसुलीखाली सल्माडी सम्म सडक | पा.न.पा. ८ |
| ३८ | जुकेपानी सडक | पा.न.पा. ८ |
| ३९ | जसले खालीहदै लामाडाडा सम्म सडक | पा.न.पा. ८ |
| ४० | हरिचनखाली डाडा हुलै रिसेडी सडक | पा.न.पा. ८ |

| | | |
|---|---|---|
| ४१ | सल्लयाडी पल्लोधारी सडक निर्माण | पा.न.पा. ८ |
| ४२ | खोडपे सौखाया, रुपसे धार सडक | पा.न.पा. ८ |
| ४३ | ` अनारखोली मट कुकौ सडक | पा.न.पा. ८ |
| ४४ | हरिचन मोड देखि रागाजुजौना सडक | पा.न.पा. ८ |
| ४५ | हरिचन देखी काकस्याली सम्मको सडक मर्मत | पा.न.पा. ९ |
| ४६ | टकरे भट्याडी वडा कार्यालय जोड्ने | पा.न.पा. ९ |
| ४७ | ज्याफु खालीडाडा सल्लेबासा सडक | पा.न.पा. ९ |
| ४८ | धारापानी सिल्गापानी सडक | पा.न.पा. ९ |
| ४९ | भौनीहुक्केडाडा सडक | पा.न.पा. ९ |
| ५० | सल्लेबासागायलासैना सडक | पा.न.पा. ९ |
| ५१ | कर्तेकोट टकरे सडक (वडा कार्यालय जोड्ने) | पा.न.पा. ९ |
| ५२ | खोडपे पनालीशाखा सडक निर्माण | पा.न.पा. १० |
| ५३ | थेउडा न्यौलानी सल्लेबासा बन्तड सडक | पा.न.पा. १० |
| ५४ | हतास ठुलीखाली कृषि सडक | पा.न.पा. १० |
| ५५ | डुप्के सडक | पा.न.पा. १० |
| ५६ | हतास बन्तड कृषि सडक | पा.न.पा. १० |
| ५७ | खोडपे सौखायान्यौलानी कृषि सडक | पा.न.पा. १० |
| ५८ | खोडपे बाडीखाना सडक | पा.न.पा. १० |


## ६.२ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरु सिमित थिए । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रमा बढ्दै गएको छ । पाटन नगरपालिकामा एफ.एम स्टेसनहरु र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन् । नगरपालिकामा नेपाल टेलिकम र एनसेल

दुवैको 3G Network उपलब्ध छ । नगरपालिकामा NCell, NTC आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् ।

**तालिका नं ३९: सञ्चारका सुविधा भएका परिवार संख्या :**

| स्थान | सञ्चारका सुबिधा भएका परिवार संख्या | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रेडियो | | टि.भी | | टेलिफोन | | कम्प्युटर | | ईमेल | | अन्य | |
| | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| १ | ४१२ | ५९.११ | २८ | ४.०१ | ६५० | ९३.२५ | ३० | ४.३० | ५० | ७.१७ | ३७ | ५.३० |
| २ | ३७० | ७८.०५ | ३५ | ७.३८ | ४२८ | ९०.२९ | २४ | ५.०६ | ४५ | ९.४९ | ३० | ६.३२ |
| ३ | ४१७ | ७३.८० | ३४ | ६.०१ | ५१२ | ९०.६१ | २९ | ५.१३ | ४२ | ७.४३ | ७० | १२.३८ |
| ४ | ३१९ | ४९.५३ | ३८ | ५.९० | ६१३ | ९५.१८ | ४१ | ६.३६ | ५७ | ८.८५ | ४८ | ७.४५ |
| ५ | २७५ | ५३.७१ | ६५ | १२.६९ | ४५० | ९३.७५ | १८ | ३.५१ | २५ | ४.८८ | ३० | ५.८५ |
| ६ | ८४० | ७४.०४ | २१५ | १८.९५ | ११२५ | ९९.२० | १२८ | ११.२८ | १४२ | १२.५२ | १४८ | १३.५ |
| ७ | ३२४ | ७४.८२ | ४६ | १०.६२ | ४१२ | ९५.१५ | ३९ | ९.०० | ८६ | १९.८६ | ८५ | १९.६३ |
| ८ | ४०१ | ७२.५१ | ३१ | ५.६० | ५०१ | ९०.५९ | ५४ | ९.७६ | ३४ | ६.१४ | ७४ | १३.३८ |
| ९ | २८१ | ८१.६८ | ५२ | १५.११ | ३१४ | ९१.२७ | २१ | ६.१० | ३७ | १०.७५ | ९१ | २६.४५ |
| १० | ३९४ | ९५.८६ | ३१ | ७.५४ | ३८५ | ९३.६७ | १९ | ४.६२ | ४९ | ९.४८ | ७१ | १७.२७ |




## ६.२.१ पत्रपत्रिका, एफ.एम. रेडियोहरु तथा टेलिभिजन :

नगरपाकिामा हाल सुर्नया टाइम्स दैनिक १ ओटा पत्रपत्रिका प्रकाशन हुने गरेका छन् । यातायात सुविधा पुगेका अधिकांश स्थानमा राष्ट्रियस्तरका पत्रपत्रिका पनि पुगेको पाइन्छ । त्यस्तै स्थानीय स्तरमा खोडपेमा रहेको **सेभन स्टार एफ.एम**.प्रशारण रहेको पाइन्छ भने अन्य जिल्ला तथा काठमाडौँबाट प्रशारण हुने अन्य एफ.एम. रेडियोहरू पनि नगरका विभिन्न भागमा सुन्न सकिन्छ । त्यस्तै डिसहोम , तथा केवल नेटवर्कका माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रशारणका टेलिभिजन च्यानल हेर्न सकिन्छ ।

**तालिका नं. ४० नगरपालिकाबाट प्रकाशित तथा प्रसारित भइरहेका पत्रपत्रिका वा प्रकाशन, प्रसारणहरुको विवरण**

| पत्रपत्रिकाको नाम | प्रकाशनको विवरण | कैफियत |
|---|---|---|
| **सुर्नया टाईम्स** | दैनिक | |
| **रेडियो सेभन स्टार एफ.एम.** | १ | खोडपे |

*स्रोत : फिल्ड सर्वेक्षण*

## ६.२.२ टेलिफोन/मोबाइल :

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाका विभिन्न वडाहरूमा ल्याण्डलाइन, जिएसएम, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम,स्मार्ट, एनसेल जस्ता कम्पनीहरूले सेवा उपलब्ध गराएको देखिन्छ। नेपाल टेलिकमको ल्याण्डलाईन जडान गर्ने र मोवाईल सेवा उपभोक्ताको संख्या ९३.२५ प्रतिशत पुगेको देखिन्छ । इन्टरनेटप्रयोग गर्ने १२ प्रतिशत रहेको छ, ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

**तालिका नं. ४१ : सञ्चारका सुविधा भएका परिवार संख्या :**

| स्थान | सञ्चारका सुबिधा भएका परिवार संख्या | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रेडियो | | टि.भी | | टेलिफोन | | कम्प्युटर | | ईमेल | | अन्य | |
| | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| १ | ४१२ | ५९.११ | २८ | ४.०१ | ६५० | ९३.२५ | ३० | ४.३० | ५० | ७.१७ | ३७ | ५.३० |
| २ | ३७० | ७८.०५ | ३५ | ७.३८ | ४२८ | ९०.२९ | २४ | ५.०६ | ४५ | ९.४९ | ३० | ६.३२ |
| ३ | ४१७ | ७३.८० | ३४ | ६.०१ | ५१२ | ९०.६१ | २९ | ५.१३ | ४२ | ७.४३ | ७० | १२.३८ |
| ४ | ३१९ | ४९.५३ | ३८ | ५.९० | ६१३ | ९५.१८ | ४१ | ६.३६ | ५७ | ८.८५ | ४८ | ७.४५ |
| ५ | २७५ | ५३.७१ | ६५ | १२.६९ | ४५० | ९३.७५ | १८ | ३.५१ | २५ | ४.८८ | ३० | ५.८५ |
| ६ | ८४० | ७४.०४ | २१५ | १८.९५ | ११२५ | ९९.२० | १२८ | ११.२८ | १४२ | १२.५२ | १४८ | १३.५ |
| ७ | ३२४ | ७४.८२ | ४६ | १०.६२ | ४१२ | ९५.१५ | ३९ | ९.०० | ८६ | १९.८६ | ८५ | १९.६३ |
| ८ | ४०१ | ७२.५१ | ३१ | ५.६० | ५०१ | ९०.५९ | ५४ | ९.७६ | ३४ | ६.१४ | ७४ | १३.३८ |
| ९ | २८१ | ८१.६८ | ५२ | १५.११ | ३१४ | ९१.२७ | २१ | ६.१० | ३७ | १०.७५ | ९१ | २६.४५ |
| १० | ३९४ | ९५.८६ | ३१ | ७.५४ | ३८५ | ९३.६७ | १९ | ४.६२ | ४९ | ९.४८ | ७१ | १७.२७ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

### ६.२.३ हुलाक सेवा :

नगरपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन् । हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने पाटनदेखि काठमाण्डौ, ललितपुर, भक्तपुर,धनगढी सम्म द्रुत सेवा पनि उपलब्ध छ ।

**तालिका नं. ४२ : हुलाक सेवाको स्थिति :**

| क्र.सं. | हुलाकको किसिम र सेवा | संख्या | रहेको स्थान | उपलब्ध सेवा तथा सुबिधाहरु |
|---|---|---|---|---|
| १ | जिल्ला हुलाक कार्यालय | छैन | | |
| २ | ईलाका हुलाक | २ | पाटन ,खोडपे | चिठ्ठि आदान प्रदान |
| ३ | अतिरिक्त हुलाक कार्यालय | १ | सिद्धपुर | चिठ्ठि आदान प्रदान |
| ४ | अतिरिक्त हुलाक कार्यालय | १ | गुजर | चिठ्ठि आदान प्रदान |
| ५ | अतिरिक्त हुलाक कार्यालय | १ | भुमेश्वर | चिठ्ठि आदान प्रदान |
| ६ | अतिरिक्त हुलाक कार्यालय | १ | वसन्तपुर | चिठ्ठि आदान प्रदान |
| ७ | अतिरिक्त हुलाक कार्यालय | १ | किम्तोली | चिठ्ठि आदान प्रदान |
| ८ | अतिरिक्त हुलाक कार्यालय | १ | सकार | चिठ्ठि आदान प्रदान |
| ९ | अतिरिक्त हुलाक कार्यालय | १ | सिलङ्गा | चिठ्ठि आदान प्रदान |

*स्रोत : ईलाका हुलाक कार्यालय,पाटन*

## ६.३ विद्युत


### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण :

राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नतिजाअनुसार दैनिक वत्ति बाल्न प्रयोग गरिने इन्धन मा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ । नगरपालिकामा बत्ती बाल्न विजुली प्रयोग गर्नेको घरधुरी संख्या ४४९९(७८.०१ प्रतिशत) रहेको छ । त्यस्तै सोलार ५०३ (८.७२ प्रतिशत) ले मट्टितेलर ३७५(६.५० प्रतिशत) घरधुरीले । जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४३ : बत्ती बाल्न प्रयोग गरिने श्रोत :**

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५१३ | ४६ | १ | ५७ | ७९ | १ | ६९७ |
| २ | ४२१ | २३ | ० | २९ | ० | १ | ४७४ |
| ३ | ४३७ | ५३ | ० | ४३ | १७ | १५ | ५६५ |
| ४ | ५२० | १३ | ० | ५० | ५९ | २ | ६४४ |
| ५ | ४३२ | ३० | २ | ३५ | १३ | ० | ५१२ |
| ६ | १०९४ | १८ | २ | ३ | ११ | ६ | ११३४ |
| ७ | २७६ | १५ | ० | ४६ | ९४ | २ | ४३३ |
| ८ | ३८४ | २७ | १ | ११० | २८ | ३ | ५५३ |
| ९ | २११ | ७२ | १ | ३१ | २७ | २ | ३४४ |
| १० | २११ | ७८ | १ | ९९ | २० | २ | ४११ |
| जम्मा | ४४९९ | ३७५ | ८ | ५०३ | ३४८ | ३४ | ५७६७ |
| **प्रतिशत** | **७८.०१** | **६.५०** | **०.१३** | **८.७२** | **६.०३** | **०.५८** | **१००** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




## ६.३.२ नगरपालिकामा सञ्चालित लघुविद्युत आयोजनाहरूको विवरण :

नगरपालिका क्षेत्रमा बग्ने खोलाहरु मध्ये १ ओटा खोलाबाट १ ओटा लघु विद्युत आयोजना सञ्चालनमा रहेका छन् । पाटनसम्म राष्ट्रिय प्रशारण लाईन विस्तार भइनसकेकोले यो लघु विद्युत आयोजनाहरूबाट उत्पादित विद्युत पनि नगरक्षेत्रमा वितरित गरिएको छ । नगरमा सञ्चालित लघुविद्युत आयोजनाहरूको विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४४ : नगरपालिकामा सञ्चालित लघु जलविद्युत आयोजनाहरूको विवरण**

| सि.नं. | आयोजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | सुर्नया लघु विधुत ( २०० कि.वा. ) | पा.न.पा.६ |
| २ | | |

*स्रोत : फिल्ड सर्वेक्षण*

**तालिका नं. ४५ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण**

| वडा नं. | काठ/दाउरा | मट्टीतेल | एल.पी. ग्याँस | कुइठा/ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६७९ | २ | ८ | ० | १ | ५ | १ | १ | ६९७ |
| २ | ४६३ | २ | ४ | ० | ० | ३ | १ | १ | ४७४ |
| ३ | ५४८ | २ | ४ | ० | ० | ४ | २ | ५ | ५६५ |
| ४ | ६३४ | २ | ४ | ० | ० | १ | १ | २ | ६४४ |
| ५ | ४९० | ५ | १० | २ | ० | २ | १ | २ | ५१२ |
| ६ | १०२८ | २ | ८० | १ | २ | १० | ५ | ७ | ११३४ |
| ७ | ४१२ | ४ | ७ | १ | १ | ४ | २ | २ | ४३३ |
| ८ | ५२८ | ७ | ४ | २ | २ | ६ | १ | ३ | ५५३ |
| ९ | ३२५ | ५ | ३ | १ | २ | ४ | १ | ३ | ३४४ |
| १० | ३९५ | ३ | ३ | ० | २ | ४ | १ | ३ | ४११ |
| जम्मा | ५५०२ | ३४ | १२७ | ७ | १० | ४३ | १६ | २८ | ५७६७ |
| प्रतिशत | **९५.४०** | **०.५८** | **२.२०** | **०.१२** | **०.१७** | **०.७४** | **०.२७** | **०.४८** | **१००** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

२०६८ को राष्ट्रिय जनगणनाअनुसार पाटन नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ५५०२ (९५.४० प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा एल.पी ग्यासप्रयोग गर्ने घरधुरी संख्या १२७ (२.२० प्रतिशत), कुईठा/ठोरहा प्रयोग गर्ने घरधुरी संख्या ७ (०.१२ प्रतिशत) रहेका छन् भने मट्टीतेल प्रयोग गर्ने घरधुरी सबैभन्दा कम ३४ (०.५८ प्रतिशत) रहेको

देखिन्छ। वडागत रुपमा सबैभन्दा बढी काठ तथा दाउरा प्रयोग गर्ने वडा नं. ६ मा १०२८ घरधुरी संख्या रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

वैकल्पिक उर्जाको वर्तमान स्थिति र जनताको यस क्षेत्र प्रतिको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। गोबरग्याँसको लागि उपर्युक्त तापक्रम रहेको र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै जनताको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ ।

# खण्ड ७: सामाजिक पूर्वाधार तथा सेवा :

## ७.१ शिक्षा :

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। यसै सिलसिलामा यहाँ पाटन नगरपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रकोनै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ । शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस नगरपालिकामा आ.व. २०७२/०७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार नगरपालिकामा सामुदायिक प्राथमिक विद्यालय ३० वटा र निजी ४ वटा छन्भने सामुदायिक निम्नमाध्यामीक विद्यालय २० वटा रहेका छन् । माध्यमिक सामुदायिक विद्यालय १४ वटा रहेका छन्। जिल्लाका अन्य नगरपालिका जस्तै यस नगरपालिकामा पनि प्राविधिक शिक्षामा धेरै नै पछाडि परेको देखिन्छ यस नगरपालिकामा प्राविधिक विधालय १ रहेको देखिन्छ।

**तालिका नं. ४६ : नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण :**

| तह | कक्षा | संख्या |
|---|---|---|
| प्रारम्भिक बालविकास केन्द्र | | ५५ |
| आधारभुत | १-५ | ३० |
| | ६-८ | २० |
| माध्यामिक | ८-१० | ७ |
| | ११-१२ | ७ |
| संस्थागत | | ४ |
| क्याम्पस | | १ |
| प्राविधिक | | १ |

| | | |
|---|---|---|
| | | |
| | **जम्मा** | **१२५** |

*स्रोत : जिल्ला शिक्षा कार्यालय,स्रोत व्यक्ति-पाटन स्रोत केन्द्र*

## ७.२ साक्षरता स्थिति :

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा पाटन नगरपालिकायस बैतडी जिल्लाका अन्य नगरपालिकाको तुलनामा अगाडी रहेको देखिन्छ । पुरुष र महिलाको साक्षरता दरमा लगभग १५ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। वैतडी जिल्लाको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ४७ : साक्षरता दर :**

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | १६४३ | १५०६ | २० | ४७ | १३५ | ५९४ | ० | ० | १७९८ | २१४७ | ३९४५ |
| २ | १०३० | ७९२ | ३६ | ५६ | ९९ | ४९० | ० | ० | ११६५ | १४३८ | २६०३ |
| ३ | १०७६ | ८५३ | ६६ | १०५ | ९० | ४८० | ० | ० | १२३२ | १५६३ | २७९५ |
| ४ | १४४१ | ११७४ | ३५ | ५८ | १३१ | ६२३ | ० | ० | १६०७ | १८५५ | ३४६२ |
| ५ | १००३ | ८८५ | ३८ | ३८ | ७२ | ५२० | १ | ० | १११४ | १४४३ | २५५७ |
| | २१८४ | १८३५ | ३३ | ८३ | १८३ | ८९८ | ० | १ | २४०० | २८१७ | ५२१७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | | | | | | | | | | | |
| ७ | ९११ | ६७७ | १० | ११ | १६९ | ६२८ | ० | ० | १०९० | १३१६ | २४०६ |
| ८ | १२५० | १०११ | ३२ | १९ | १३२ | ४३८ | ० | ० | १४१४ | १४६८ | २८८२ |
| ९ | ८२९ | ७२४ | ४१ | ३१ | ११९ | ३२१ | ० | ० | ९८९ | १०७६ | २०६५ |
| १० | १०७५ | ८९५ | १७ | ४१ | ९० | ३८५ | ० | १ | ११८२ | १३२१ | २५०३ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

## ७.२.१ शैक्षिक जनशक्तिको विवरण :

यस तालिकामा पाटन नगरपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति हाल कार्यरत रहेका शिक्षक शिक्षिकाहरुको विवरण तपशिल अनुसार तालिकामा रहेको छ ।

**तालिका नं. ४८ : नगरपालिकामा रहेका शिक्षण पेशामा शिक्षकको विवरण :**

| गाउँपालिका/नगरपालिका | शिक्षक | | | |
|---|---|---|---|---|
| | दरवन्दी | राहात | निजी | जम्मा |
| पाटन न.पा | १८२ | ११२ | १३४ | ४२८ |
| **जम्मा** | **१८२** | **११२** | **१३४** | **४२८** |

*स्रोत : जिल्ला शिक्षा कार्यालय,स्रोत व्यक्ति-पाटन स्रोत केन्द्र*

**तालिका नं. ४९ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण**

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| पूर्व प्रा.वि. .नर्सरी,( किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | ११७५ | १३०२ | २४७७ | ११७५ | १३०२ | २४७७ | |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | ३८९५ | ४१२३ | ८०१८ | ३८९५ | ४१२३ | ८०१८ | |
| मा.वि. जाने उमेर समूह ( कक्षा ९-१०) | १३-१४ वर्ष | २०१७ | २२३४ | ४२५१ | २०१७ | २२३४ | ४२५१ | |
| उच्च मा.वि. जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | १७६५ | १८७६ | ३६४१ | १७६५ | १८७६ | ३६४१ | |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

यस तालिकामा स्कुल जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिका २,४७७ विधालय गएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समूहको जनसंख्या मध्ये ८,०१८ जना, १३ देखि १४ वर्ष उमेर समूहको जनसंख्या ४,२५१ जना , भने  १५ देखी १७ वर्ष उमेर समुहको ३,६४१ जना विधालय गएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.२.४ शिक्षण संस्थाहरूको विवरण :

### क) शैक्षिक पूर्वाधार तथा सेवा :

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ । सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। नगरपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन । तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम्सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ । पाटन नगरपालिकामा प्रा.वि, नि.मा.वि, मा.वि र उच्च मा.वि. गरेर हाल जम्मा १२५ वटा शिक्षण संस्थाहरु सञ्चालन भइरहेका छन्। नगरपालिकामा उच्च मावि ७ वटा रहेका छन्। नगरपालिकामा भएका शिक्षण संस्थाहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ। शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस नगरपालिकामा आ.व. २०७३/७४ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। नगरपालिकामा पठन पाठनका लागि प्रा.वि सङ्ख्या ३०, नि.मा.वि. २०, मा.वि ७, उ.मा.वि ७ गरी जम्मा १२५ वटा शिक्षण संस्थाहरु रहेका छन्। यसमा निजी क्षेत्रले पनि केहि योगदान पुऱ्याउँदै आएको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ५० : नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण :**

| तह | कक्षा | संख्या |
|---|---|---|
| प्रारम्भिक बालविकास केन्द्र | | ५५ |
| आधारभुत | १-५ | ३० |
| | ६-८ | २० |
| माध्यामिक | ८-१० | ७ |

| | | |
|---|---|---|
| | ११-१२ | ७ |
| संस्थागत | | ४ |
| क्याम्पस | | १ |
| प्राविधिक | | १ |
| | **जम्मा** | **१२५** |

*स्रोत : जिल्ला शिक्षा कार्यालय,स्रोत व्यक्ति-पाटन स्रोत केन्द्र*

**तालिका नं. ५१ : शिक्षक संख्या :**

| तह | कक्षा | स्थायी | अस्थायी | राहात |
|---|---|---|---|---|
| आधारभुत | १-५ | ९१ | ४० | ५२ |
| माध्यामिक | ६-८ | २४ | ७ | २४ |
| | ८-१० | १५ | ५ | २० |
| | ११-१२ | ० | ० | १६ |
| **जम्मा** | | **१३०** | **५२** | **१०२** |

*स्रोत : जिल्ला शिक्षा कार्यालय*

पाटन नगरपालिकामा शिक्षण पेशामा संलग्न दरबन्दी र राहत गरेर कुल १०२ जना शिक्षक संलग्न छन् जुन तालिकामा उल्लेख गरिएको छ ।

७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।

- कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।

- दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु : विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।

- दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :नगरपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।

- विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु : नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ। दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।

- अभिभावकहरु चनाखो नहुनु : बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

- शिक्षक दरबन्दी कम हुनु : दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम्व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।

- राजनीतिकरण हुनु :विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ। राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ। यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ।

- शिक्षकहरुमा प्रतिबद्धताको कमी : शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्रायः पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ।

- आधुनिक प्रविधिको प्रयोग नहुनु : सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनुलेपनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेकोछन् ।

## ७.३ स्वास्थ्य :

राजनितिक रुपमा १० वडाहरुमा विभाजित यस नगरपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन्। बैतडी जिल्लामा रहेको यस नगरपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र १ वटा, ८ वटा स्वास्थ्य चौकी रहेका छन्तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। नगरमा आयुर्वेद स्वास्थ्य केन्द्र छैन्, आँखा उपचार केन्द्र १ छ भने खोप केन्द्रहरु४५, गाउँघर क्लीनिक४३, प्रसूती केन्द्र ३ वटा सञ्चालनमा आएका छन् । तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ । खासगरी समुदायमा प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा नगरपालिकाभरि १०९ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत रहेका छन् । यी स्वयंसेविकाहरुको सेवा उदाहरणीय रहेको देखिन्छ ।

**तालिका नं. ५२ : नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको स्थिति :**

| क्र.सं. | स्वास्थ्य संस्था | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक स्वास्थ्य केन्द्र | १ | पाटन |
| २ | स्वास्थ्य चौकी | ८ | |
| ३ | आयुर्वेद स्वास्थ्य केन्द्र | ० | |
| ४ | आँखा उपचार केन्द्र | १ | |
| ५ | खोप केन्द्र | ४५ | |
| ६ | गाउँघर क्लिनिक | ४३ | |
| ७ | प्रसुती केन्द्र | ३ | |
| ८ | शहरी स्वास्थ्य क्लिनिक | ४ | |
| ९ | महिला स्वयम सेविका | १०९ | सवै वार्डहरुमा |

*स्रोत : प्राथमिक स्वास्थ्य केन्द्र पाटन*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ । आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय

गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस नगरपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ। यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ । समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूका (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ। नगरपालिकामा रहेको सामुदायिक अस्पतालमा चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ । दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन । अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन्र पर्याप्त मात्रामा औषधीकोआपुर्ति हुदैन। नगरपालिकाका विभिन्न ९ वडाहरुमा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौंकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू :

सन् १९९० देखि पहाडी जिल्लामा जम्मा ३०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान अनुसार नगरपालिकामा १०९ जना कार्यरत रहेका छन्। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.३.२ गाउँघर क्लिनिक र नियमित खोप :

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन भएको पाइएको छ। यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपि तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकी (Health) एकताको तहमा मात्र उपलब्ध गराइन्छ। नगरपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

## ७.३.३ एच. आई. भी./एड्सको अवस्था :

सन्१९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ । बालबालिका समेत समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुँदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ । राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिनासम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आइ.भी. संक्रमण भेटिएको छ । भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आइ.भी.को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार बैतडी जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ ।

## ७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण :

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुनेजोखिम हुन्छ । गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ । बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ । कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ । तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन्(नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११) । सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ । यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे मद्दत पुऱ्याएको छ । तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन ।

## ७.३.५ खोपको विवरण :

बालबालिका भनेका देशका भविष्यका निर्माता हुन्। तसर्थ यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ । खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएकोपाइन्छ । जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ ।

### ७.३.६ बाल्यकालमा हुने रोगका जोखिम :

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबिनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ ।

### ७.३.७ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर :

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन्१९९६ मा ७९ प्रतिहजार थियो भने सन् २००१ मा क्रमशः घट्दै ६४ प्रतिहजारमा पुगेको छ । सन्२००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ ।

### ७.३.८ बालपोषण सम्वन्धी विवरण :

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ । पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ । सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ । बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ । नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ । स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । पाटन नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामाहारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ ।

### ७.४ खेलकुद तथा मनोरञ्जन :

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरपालिकामा खेलकुदको विकास

भएको पाइन्छ । यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ । तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ । हाल स्थायी स्वायत्त शासन ऐन २०५५ लागु भए पछि जिल्ला समन्वय समिति तथा गाविस र नपाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, नगरपालिका गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ । समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ । हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ । यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस पाटन नगरपालिकामा, ७० वर्ष उमेर नाघेका २.१९ प्रतिशत (९७० जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ । बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदैगएको छ । राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले समयमा पाउन सकेका छैनन्।

## ७.६ महिला तथा बालबालिका :

### ७.६.१ महिला सम्बन्धी विवरण :

गर्भवती महिलाहरुको निःशुल्क वा न्यूनतम्शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगरपालिका विकासमा महिलाहरुको समान सहभागिता गराउन थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा

महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

## ७.६.२ बालश्रमको अवस्था :

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ । १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ । कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन । तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ । बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ ।

पाटन नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । नगरपालिका क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र नगरपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चिता गरी पूर्ण खोपयुक्त नगरपालिकाको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ ।

## ७.६.३ बालक्लब :

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल- समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल- सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नकोलागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ। व्यक्तिगतरुपमा नगरपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

**तालिका नं. ५३ : नगरपालिकामा गठन भएका बालक्लबको नेटवर्कको विवरण :**

| सि.न. | वाल क्लवको नाम | ठेगाना | सदस्य संख्या | | आधारित | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | वालक | वलिका | | |
| १ | हिमचुली वालक्लव | पाटन | ४ | ५ | समुदाय | |
| २ | सिद्धनाथ वालक्लव | पाटन | ४ | ५ | समुदाय | |
| ३ | ज्ञानज्योती वालक्लव | सिद्धेश्वर | ६ | ५ | समुदाय | |
| ४ | ज्ञानज्योती वालक्लव | सिद्धेश्वर | ४ | ७ | समुदाय | |
| ५ | जीवन ज्योती वालक्लव | सिद्धेश्वर | ४ | ५ | समुदाय | |
| ६ | शान्ति वालक्लव | सिद्धेश्वर | ४ | ५ | समुदाय | |
| ७ | सिगास वालक्लव | सिद्धेश्वर | ५ | ६ | समुदाय | |
| ८ | जनता वालक्लव | सिद्धेश्वर | ४ | ५ | समुदाय | |
| ९ | भुमिराज वालक्लव | सिद्धेश्वर | ४ | ५ | समुदाय | |
| १० | सिगास वालक्लव | सिद्धपुर | २ | ७ | विधालय | |
| ११ | सरस्वती वालक्लव | सिद्धपुर | ४ | ५ | विधालय | |
| १२ | निलपालेश्वर वालक्लव | सिद्धपुर | ६ | ५ | समुदाय | |
| १३ | कालिका वालक्लव | सिद्धपुर | ४ | ५ | विधालय | |
| १४ | समाजसुधार वालक्लव | सिलंगा | ५ | ४ | विधालय | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | समाजसुधार वालक्लव | सिलंगा | ४ | ५ | विधालय | |
| १६ | प्रगतीशिल वालक्लव | सिलंगा | ३ | ६ | विधालय | |
| १७ | एकता वालक्लव | पाटन | ४ | ५ | विधालय | |
| १८ | वनज्योती वालक्लव | वसन्तपुर | ७ | ४ | विधालय | |
| १९ | लगनशिल वालक्लव | पाटन | ४ | ५ | विधालय | |
| २० | अनिरुद्र वालक्लव | पाटन | ४ | ५ | विधालय | |
| २१ | लक्की वालक्लव | पाटन | ५ | ६ | विधालय | |
| २२ | प्रतिभा किशोर वालक्लव | गुजर | ४ | ५ | विधालय | |
| २३ | जगदम्वा वालक्लव | भुमेश्वर | ३ | ६ | विधालय | |
| २४ | समावसेवी वालक्लव | पाटन | ४ | ५ | विधालय | |
| २५ | शान्ति वालक्लव | सिद्धेश्वर | ४ | ५ | विधालय | |
| २६ | जनप्रिय वालक्लव | सिद्धेश्वर | ६ | ५ | विधालय | |
| २७ | सरस्वती वालक्लव | सिद्धेश्वर | ४ | ५ | विधालय | |
| २८ | भुमीराज वालक्लव | सिद्धेश्वर | ४ | ५ | विधालय | |
| २९ | सिद्धेश्वर वालक्लव | सिद्धेश्वर | ८ | ३ | विधालय | |
| ३० | महेश्वर वालक्लव | सिद्धेश्वर | ४ | ५ | विधालय | |
| ३१ | त्रिशुल वालक्लव | सिद्धेश्वर | ७ | ४ | विधालय | |
| ३२ | व्रहम वालक्लव | सिद्धपुर | ४ | ५ | विधालय | |
| ३३ | भुमीराज वालक्लव | सिलंगा | ४ | ५ | विधालय | |
| ३४ | महारुद्र वालक्लव | सिलंगा | ४ | ५ | विधालय | |
| ३५ | वारागर वालक्लव | सिलंगा | ४ | ५ | विधालय | |
| ३६ | काँकरवासी वालक्लव | सिद्धेश्वर | ४ | ५ | विधालय | |
| ३७ | निङ्लासैनी वालक्लव | सिद्धेश्वर | ४ | ५ | विधालय | |
| ३८ | संघिय वालहित वालक्लव | सिद्धेश्वर | ७ | ४ | विधालय | |
| ३९ | वासुलिङ्ग वालक्लव | सिद्धेश्वर | ४ | ५ | विधालय | |
| ४० | सैपाल वालक्लव | सिद्धेश्वर | ६ | ५ | विधालय | |

स्रोत : जिल्ला वालकल्याण समिति ,वैतडी

## ७.७ अपाङ्गताको विवरण :

महिला तथा वालवालिका कार्यालय पाटनको रेकर्ड अनुसार नगरपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या ३२४ जना रहेको छ । जसमा शारिरीक अपाङ्गता भएका रातो परिचयपत्र ल्याउने ३६ जना निलो ५४ जना पहिलो १३१ जना र सेतो १०२ जनारहेका छन्। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व, युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन् । जसलाई घटाउन प्रतिरोधात्मक र

उपचारात्मक दुवैकार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

**तालिका नं. ५४ : नगरपालिकामा अपाङ्गताको विवरण :**

| अपाङ्गताको किसिम | परिचय पत्र लिएकाहरुको सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| “क” वर्ग रातो | ११ | २६ | ३७ |
| “ख” वर्ग निलो | २० | ३४ | ५४ |
| “ग” वर्ग पहेलो | ५६ | ७५ | १३१ |
| **”घ” वर्ग सेतो** | **४२** | **६०** | **१०२** |

स्रोत :महिला तथा वालवालिका कार्यालय

## ७.८ खानेपानी तथा सरसफाई :


### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण :

**तालिका नं. ५५ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत :**

| | धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | ४४०१ | ० | १८७ | ४०३ | ४१७ | २४८ | ८३ | २८ | ५७६७ |
| प्रतिशत | **७६.३१** | **०** | **३.२४** | **६.९८** | **७.२३** | **४.३०** | **१.४३** | **०.४८** | **१००** |

*स्रोत : राष्ट्रिय जनगणना २०६८*

पाटन नगरपालिकाको सबैभन्दा बढी धारा/पाइप प्रयोग गरेको पाइएको छ। नगरपालिकामा धारा/पाइप प्रयोगगर्ने घरधुरी संख्या ४४०१ (७६.३१ प्रतिशत), मूल धाराको प्रयोग गर्ने घरधुरी संख्या ४१७ (७.२३ प्रतिशत), तेस्रोमा खुला इनार तथा कुवाको प्रयोग गर्ने घरधुरी १८७ (३.२४ प्रतिशत) रहेको छ । नगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।





## ७.८.२ खानेपानीको विवरण :

**तालिका नं. ५६ : खानेपानीको विवरण**

| वडा | धारा/पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५७१ | ० | १४ | १३ | ८६ | ४ | ८ | १ | ६९७ |
| २ | ४११ | ० | १८ | ८ | ७ | १२ | १७ | १ | ४७४ |
| ३ | ४६८ | ० | १५ | ४२ | २६ | ३ | ६ | ५ | ५६५ |
|  | ४४९ | ० | ८ | ८९ | ६८ | १५ | १३ | २ | ६४४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | | | | | | | | | |
| ५ | ३१४ | ० | ९८ | ३० | ५३ | १४ | ३ | ० | ५१२ |
| ६ | ८६४ | ० | १२ | ९२ | ४७ | १०८ | ६ | ५ | ११३४ |
| ७ | २६६ | ० | ५ | १४ | ११३ | २७ | ३ | ५ | ४३३ |
| ८ | ४१७ | ० | १ | ६८ | ४ | ४० | २० | ३ | ५५३ |
| ९ | २८३ | ० | १ | ३० | ३ | १७ | ७ | ३ | ३४४ |
| १० | ३५८ | ० | १५ | १७ | १० | ८ | ० | ३ | ४११ |
| **जम्मा** | ४४०१ | ० | १८७ | ४०३ | ४१७ | २४८ | ८३ | २८ | ५७६७ |

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको सबै वडाहरुमा सबैभन्दा बढी धारा तथा पाइपको प्रयोग गरेको देखिन्छ। दोस्रो ठूलो स्रोतको रुपमा मूल धारा प्रयोग गरेको देखिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.८.३ शौचालयको विवरण :


**तालिका नं. ५७ : शौचालयको प्रकार**

| वार्ड | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टि ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ० | ६८० | १३ | ४ | ० | ६९७ |
| २ | ० | ४४८ | १९ | ७ | ० | ४७४ |
| | ० | ५४८ | १२ | ५ | ० | ५६५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३** | | | | | | |
| **४** | ० | ६२१ | २१ | २ | ० | ६४४ |
| **५** | ० | ४८४ | २२ | ६ | ० | ५१२ |
| **६** | ० | १०९१ | ३४ | ९ | ० | ११३४ |
| **७** | ० | ४०३ | २३ | ७ | ० | ४३३ |
| **८** | ० | ५३३ | १२ | ८ | ० | ५५३ |
| **९** | ० | ३२० | २० | ४ | ० | ३४४ |
| **१०** | ० | ३८७ | १९ | ५ | ० | ४११ |
| जम्मा | ० | **५५१५** | **१९५** | **५७** | ० | **५७६७** |

*स्रोत : नगरपालिका,वार्ड छलफल*

माथिको तालिकामा पाटन नगरपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। सबैभन्दा धेरै फ्लस भएको आधुनिक(सेप्टि ट्याङ्की) शौचालय प्रयोग गर्नेको परिवार ५,५१५ रहेको छ। दोस्रोमा साधारण आधुनिक शौचालयको प्रयोग गर्नेको संख्या १९५यसैगरी धेरैजसो घरमा शौचालय नभएको पनि पाइएको छ जुन जम्मा घरपरिवार संख्याको ५७ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.९ फोहोर मैला व्यवस्थापन :

क्रमिक विकास भैरहेका शहरोन्मुख ग्रामिण वस्तीहरुमा बाक्लो बस्ती र मानविय कृयाकलाप समेत कम हुने भएकोले ठूला शहरमा जस्तो फोहोर व्यवस्थापनको जटिल समस्या रहेको हुँदैन । तथापी मानव बस्ती रहेको इलाकाहरुमा नगर सरसफाइलाई त्यति प्राथमिकता दिएको पाइँदैन । यसले गर्दा यदाकदा दुषित पानी र सरसफाईको कमीले हुने संक्रामक रोग (आउँ र झाडापखाला) लाग्ने गर्दछ । तसर्थ त्यसको निदानको लागि नगरस्तरमा व्यक्तिगत र सामुदायिक सरसफाईमा जागरण फैलाउनुपर्ने देखिन्छ । यस्ता नगरहरुमा सरसफाई तथा फोहोर व्यवस्थापनको वृहत दुरगामी योजना बनाई ढल, फोहोर प्रसोधन केन्द्रहरु र ल्याण्डफिल्ड साइटको व्यवस्था गर्न सके शहर विस्तारित हुँदै जाँदा फोहोर मैला व्यवस्थापन सहज हुन जान्छ । यो तथ्य पाटन नगरपालिकामा समेत लागूहुन्छ ।

# खण्ड ८ : वन तथा वातावरण :

बैतडी जिल्ला अन्तर्गत पर्ने यस पाटन नगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ । बैतडी जिल्लाको यस पाटन नगरपालिकामा कुल क्षेत्रफल २१९.७७ वर्ग कि.मि. मध्ये ६२.६३ प्रतिशत वन तथा झाडी क्षेत्रको रुपमा रहि आएको छ । जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ । यस नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन वर, पीपल, बेल, अमला, सल्लो,टुडी, आँप, कटहर, लिची, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, साज, सादन, हर्रो-बर्रो, सान्दन, आदी वोटविरुवाहरु पाइन्छ । यसै गरी घिस्रने जन्तुहरूमा करेत, हरेउ, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.१ जैविक विविधता सम्वन्धी विवरण :

पाटन नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ । दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ । वातवारणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ । विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ । यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ । मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ । दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताकोमहत्वलाई दृष्टिगत गरी हाल यस नगरपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ । यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ । हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन् । यस नगरपालिकामा साल, सिमल, सल्ला अमला, हर्रो, बर्रो, खयर, वाज, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये अमला, हर्रो, बर्रो, साज, आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो,

गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, लहरेगुर्जा,चुत्रो, मजिठो, खोटो, पाखनवेद, टिमुर, दालचिनी, पावन, चिउरी, चिराईतो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ । यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, आदि लोपोन्मुख अवस्थामा रहेका छन्। यस नगरपालिका क्षेत्रमा रहेका वनजंगलहरुमा भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । नगरपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्‍याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ । यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ । वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ ।

## ८.२ लघु वन पैदावार :

यस नगरपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, तेजपात, बोझो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुनगाभा, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा,  धोवी, सिमली, आदि मुख्य हुन् ।

## ८.३ नगरपालिकामा पाईने वन्यजन्त :

(क) वन्यजन्तु

पाटन नगरपालिकारहेको बैतडी जिल्लामा विभिन्न प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन्। यस नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, खरायो, आदि छन ।

### (ख) चराचुरुङ्गी

पाटन नगरपालिका रहेको बैतडी जिल्लामा विभिन्न प्रकारका चराहरु पाइन्छन् । यस नगरपालिकामा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, च्याखुरा, पिरौटा, भुँडिफोर, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, लामपुच्छ्रे आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस नगरपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा करेत, सिरिसे, धामन, वैरिकरेत, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

(घ) कीरा फट्याङ्ग्राहरु मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे लगायत विभिन्न प्रकारका किरा फट्याङ्गाहरु आदि ।

## ८.५ वनजंगल :

बैतडी जिल्ला समुद्र सतह बाट १,१३४ मि. देखि २,००० मि. सम्मको उचाइमा रहेकोछ। बैतडी जिल्ला अवस्ति यो पाटन नगरपालिकामा समुद्र सतहबाट ११,३४ मिटरमा रहेको छ । प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ ।

वनक्षेत्रभित्र थुप्रै ताल/तलैया, सिमसार क्षेत्र र ठूला ठूला घाँसे मैदानहरु समेत रहेका छन्। नगरपालिका बाहिरका अन्य नगरपालिका तथा जिल्लाहरुमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक वन यस नगरपालिकामा प्रशस्तै मात्रामा रहेको छ। यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने खोलानालाको अभिन्न सम्बन्ध रहेको छ । उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस नगरपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस नगरपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, वाज, चिरपाईन (खोटे सल्लो), मिश्रत वन र झाडी बुट्यान रहेका छन्।

## ८.५.१ सामुदायिक वन :

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस नगरपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरु नै हुन्छन्। यो कार्यक्रम शुरुमा लागू भएको हुँदा उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । नगरपालिकामा आ.व. २०७३/७४ सम्ममा ७९ सामुदायिक वनहरुलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ । बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदिका कारण र भैरहेको वन विनासले यहाको अवस्था अत्यन्त संवेदनशील भएको छ। वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ । बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु र अनुशिक्षण दिनुपर्ने देखिन्छ । नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन् । यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई

नगरपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ। माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म नगरपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरपालिकाले अग्रणी भूमिका खेलेको छ । नगरपालिकामा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन ।

**तालिका नं .५८ : सामुदायिक वन व्यवस्थापनको विवरण :**

| क्र.स | सा.व.को नाम | ठेगाना | हस्तान्तरित क्षेत्रफल (हे.) | घरधुरी संख्या | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | सिद्धनाथ सा.व | सिद्धेश्वर | २०५.९० | ८६ | ५४४ |
| २ | रामेश्वर सा.व | सिद्धेश्वर | १४०.९० | ४७ | २८१ |
| ३ | क्रिशुली सा.व | सिद्धेश्वर | ३५१.५० | ८९ | ४८४ |
| ४ | सिगास सा.व | सिद्धेश्वर | २८६.७२ | ६१ | ३७० |
| ५ | महेश्वर सा.व | सिद्धेश्वर | १९४.०६ | ४४ | २५८ |
| ६ | सिद्धसिगास सा.व | सिद्धेश्वर | १९८.७२ | ७४ | ४३४ |
| ७ | मधु सा.व | सिद्धेश्वर | ७५.३० | १७ | ९५ |
| ८ | निगलासैनी सा.व | सिद्धेश्वर | २२७.०४ | ५५ | ३७२ |
| ९ | सिद्धदीप सा.व | सिद्धेश्वर | १७५.५४ | ६६ | ५२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | लक्ष्मी सा.व | सिद्धेश्वर | २८४.४० | ५० | २०८ |
| ११ | भुमीराज सा.व | सिद्धेश्वर | ९४.५० | ६० | ३९७ |
| १२ | सल्लेवासा सा.व | सिद्धेश्वर | २२६.३४ | ६८ | ५०९ |
| १३ | सिद्धनाथ सा.व | सिद्धेश्वर | ११२.३३ | २५ | १४६ |
| १४ | सिगास सा.व | सिद्धेश्वर | १९७.६० | ७४ | ५५७ |
| १५ | सिगास सा.व | सिद्धेश्वर | १३९.८३ | ४९ | ३०६ |
| १६ | ककरी सा.व | वसन्तपुर | ५९.४९ | ७३ | ४६९ |
| १७ | गोलाकोट सा.व | वसन्तपुर | ६३.५० | ६१ | ३९९ |
| १८ | गर्जल सा.व | वसन्तपुर | ४२.२० | १३७ | ९७६ |
| १९ | तोली सा.व | वसन्तपुर | २०.०० | ४५ | ३०५ |
| २० | भावरखोला सा.व | वसन्तपुर | ७३.७१ | ८० | ४१६ |
| २१ | भुमीराज समौजी सा.व | वसन्तपुर | १६४.२३ | ४३५ | २६२० |
| २२ | उदयदेव सा.व | वसन्तपुर | ७४.६९ | ९३ | ५५० |
| २३ | साझसैना सा.व | सकार | १३३.६६ | ५४ | ३९२ |
| २४ | भुमिराज महिला सा.व | सकार | १०५.१७ | ४८ | ३०३ |
| २५ | जाडीकोट सा.व | सकार | ३५६.४९ | १०३ | ६६९ |
| २६ | लाटाकटारी सा.व | सकार | १९९.५० | १२९ | ९५१ |
| २७ | लमैती सा.व | सकार | १८२.९० | १८५ | १४५३ |
| २८ | सदाफल सा.व | सकार | १०१.५२ | ८३ | ६११ |
| २९ | कालासैनी सा.व | सकार | ३६.२३ | ६० | ४२३ |

| | | | | | |
|---|---|---|---|---|---|
| **३०** | नवदुर्गा सा.व | सकार | ९३.२२ | ७७ | ५४३ |
| **३१** | नैनीरेश्वर सा.व | सकार | ३२.१४ | ४१८ | ३१०९ |
| **३२** | स्वालेक पिपललेक सा.व | कैलपाल | १६४.५२ | १०२ | ९८८ |
| **३३** | क्फतोला सा.व | कैलपाल | ९९.९५ | १८६ | १५८३ |
| **३४** | वेतालथलाविजुल सा.व | कैलपाल | ९१.१२ | ३५ | ३०१ |
| **३५** | किमुडा सा.व | कैलपाल | १८८.८० | १९२ | १६३१ |
| **३६** | थगना सा.व | कैलपाल | ७९.१७ | ६७ | ४९८ |
| **३७** | झालिमाली सा.व | गुजर | १४.१३ | ४३ | २५१ |
| **३८** | दहवयला सा.व | गुजर | १२७.७७ | ८६ | ४४३ |
| **३९** | सिगास सा.व | गुजर | २०.०६ | ४८ | २४० |
| **४०** | सुकावैना सा.व | गुजर | २९.७५ | १८४ | २८० |
| **४१** | रिङ्गासलकट्टे सा.व | गुजर | १२५.८८ | ६९ | ५४४ |
| **४२** | कफन्वाली सा.व | गुजर | ४१.९४ | ६७ | ४९३ |
| **४३** | लामाठडाडा सा.व | गुजर | २४.५ | ३० | २०४ |
| **४४** | प्रगतिशिल सा.व | गुजर | ७५.५२ | १२३ | ९१० |
| **४५** | काफलासैनी सा.व | भुमेश्वर | ६.०० | ४१ | २७१ |
| **४६** | भुत्तेछिरौना सा.व | भुमेश्वर | ३०.०० | २९ | १४९ |
| **४७** | न्वाली सा.व | भुमेश्वर | ६५.०० | १२५ | ७०५ |
| **४८** | वामनी सा.व | भुमेश्वर | ४३.५६ | ६६ | ४५८ |
| **४९** | ठुलीखाली सा.व | भुमेश्वर | ७५.५३ | १०९ | ६५४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५० | सितकेदार सा.व | भुमेश्वर | १४.१९ | ६५ | ३६१ |
| ५१ | कर्कल सा.व | पाटन | १५७.२५ | १२४ | ७७४ |
| ५२ | दिपचन्द सा.व | पाटन | ५८.५६ | १२२ | ८१३ |
| ५३ | तिमलागैर सा.व | पाटन | १२.१९ | ५० | ३१५ |
| ५४ | तुडीपताल सा.व | पाटन | ९०.२० | ७८ | ४४४ |
| ५५ | डाडाकुटी मैनाकोट सा.व | पाटन | १११.३० | ९६ | ५७३ |
| ५६ | सिमझाडहलफोड सा.व | पाटन | ३६.३७ | १७८ | १०२५ |
| ५७ | नागार्जुन सा.व | पाटन | १०.२३ | ३२ | ५५५ |
| ५८ | हंसराज सा.व | पाटन | १६८.४१ | ९० | ७८६ |
| ५९ | सहश्रीलिंग सा.व | पाटन | ३.७० | ३६ | १२६ |
| ६० | मनकोसर सा.व | पाटन | ४९.१५ | ५२ | ३०६ |
| ६१ | भुमिराज सा.व | पाटन | ४८.३२ | १२३ | ८१२ |
| ६२ | महारुद्र सा.व | सिलङ्गा | ३१.३१ | ७३ | ५६० |
| ६३ | सल्याडी सा.व | सिलङ्गा | ११८.०० | ३५ | २२५ |
| ६४ | वेताल सा.व | सिलङ्गा | ८२.६४ | ७० | ४५३ |
| ६५ | वाराघर सा.व | सिलङ्गा | १२२.५० | ४६ | २७५ |
| ६६ | भुमीराज सा.व | सिलङ्गा | १०१.५९ | ३६ | २०१ |
| ६७ | शिवभुमी सा.व | सिलङ्गा | ९०.८१ | ५० | ३०० |
| ६८ | भुमीराज सा.व | सिलङ्गा | १५६.५९ | १३५ | ९१५ |
| ६९ | सिनटोल सा.व | सिलङ्गा | ५१.८२ | १७ | ११२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७० | जनविकास सा.व | सिलङ्गा | ३२.१० | ४३ | ३३६ |
| ७१ | सलानी सा.व | सिद्धपुर | १५०.५० | ७८ | ४४९ |
| ७२ | कलेखाए सा.व | सिद्धपुर | २३०.०० | ११४ | ५८१ |
| ७३ | मधुवन सा.व | सिद्धपुर | ८०.०० | ६५ | ४०० |
| ७४ | महालक्ष्मी सा.व | सिद्धपुर | १९१.३७ | ४५ | ३०० |
| ७५ | कैलपाल सा.व | सिद्धपुर | १८१.३४ | ७४ | ३२४ |
| ७६ | लालीगुराश सा.व | सिद्धपुर | १०३.७४ | ८५ | ५१० |
| ७७ | जशलिग सा.व | सिद्धपुर | ७४.०० | २७ | १३९ |
| ७८ | जशलिङ्ग सा.व | सिद्धपुर | ७२.७० | १८ | १२६ |
| ७९ | सुरपाल सा.व | सिद्धपुर | ८६.१४ | ३० | १४६ |

## ८.५.२ धार्मिक वन :

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ । परम्परादेखि धार्मीक वनको रुपमा वन क्षेत्र दर्ता नगरिएको यस बैतडी जिल्लाका विभिन्न क्षेत्रका वन क्षेत्र धार्मिक ऐतिहासिक र पर्यटकिय महत्व बोकेका क्षेत्रहरु रहेका छन । विभिन्न देवि देवताका शक्ति पिठ यस क्षेत्रमा भएको हुँदा यी क्षेत्र वरिपरिका वनलाई धार्मिक वनका रुपमा संरक्षण गरि व्यवस्थापन गर्दा अवश्य यस क्षेत्रको विकास हुनेछ ।

## ८.५.३ सरकारद्वारा व्यवस्थित वन :

नगरपालिकाको कुल वन क्षेत्र मध्ये नगरपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ ।

## ८.५.४ निजी वन :

सिमित निजी जग्गामा केहि स्थानिय मानिसहरुले रुख विरुवा हुर्काएको भएता पनि निजी वनको रुपमा दर्ता भएको देखिदैन ।

## ८.७ वनपैदावरको माग र आपूर्ति :

अत्यधिक बसाई सराईले गर्दा बैतडी जिल्लाको जनसंख्याको वृद्धि नेपालको औसत वृद्धि भन्दा कम छ। बैतडी जिल्लामा रहेको पाटन नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्ला भित्रकै अन्य नगरपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ।

यस नगरपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरुमा हुने गर्दछ। यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ। वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ।

## ८.८ जडिबुटी सम्बन्धी विवरण :

यस नगरपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा रिठ्ठा, टिमुर, पाषणवेद, काउलो, तेजपात, झ्याउ, जटामासि, कुट्की, उतीस जरा, चिराईतो, सतुवा, आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण :

यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै बैतडीका ग्रामीण बस्तीहरुको जीवन स्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेलेका छन्। यस्ता पैदावारहरुले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरुलाई अवसर प्रदान गर्छन्। यस योजना निर्माणको क्रममा विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा स्थलगत अध्ययनबाट प्राप्त जिल्लामा उपलब्ध गैरकाष्ठ वनपैदावारको सूची निम्नानुसार तालिकामा उल्लेखित छन्।

**तालिका नं. ५९ : नगरपालिका क्षेत्रमा उपलब्ध गैरकाष्ठ वन पैदावारहरुको सूची**

| स्थानीय नाम | उपलब्ध हुन ठाउँ | वन क्षेत्रको किसिम |
|---|---|---|
| रिठा | पा.न.पा सवै वार्ड हरुमा | सा.व ,निजी वन र कवुलियती वन |
| चिउरी | पा.न.पा सवै वार्ड हरुमा | " |
| निगालो | पा.न.पा सवै वार्ड हरुमा | " |

| | | |
|---|---|---|
| वास | पा.न.पा सवै वार्ड हरुमा | " |
| वोजो | पा.न.पा सवै वार्ड हरुमा | " |
| सुघन्धवाल | पा.न.पा सवै वार्ड हरुमा | " |
| सिल्फोर | पा.न.पा सवै वार्ड हरुमा | " |
| टिमुर | पा.न.पा सवै वार्ड हरुमा | " |
| तेजपात | पा.न.पा सवै वार्ड हरुमा | " |

*स्रोत : ईलाका वन कार्यालय, पाटन*

## ८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम :

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता आवश्यक देखिन्छ। नगरपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुर्नत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ । वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ । वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ ।

- ❖ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- ❖ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन,अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने ।
- ❖ पर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन्र उपयोग गर्ने ।
- ❖ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने ।

❖ जौविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने ।

## ८.११ अतिक्रमण हटाउने प्रयास :

आर्थिक वर्ष २०७३/०७४ सम्ममा जिल्ला वन कार्यालय बैतडी अन्तर्गत पाटन नगरपालिकामा विभिन्न क्षेत्रमा अतिक्रमण धेरै पहिले देखि नै भइरहेको छ र त्यसलाई हटाउने प्रयास पनि भइरहेको छ । अतिक्रमणको किसिम हेर्दा धेरैजसो घर बनाएर बसेको,पसलहरु वनाएर वसेका र केहिमा अन्नवाली उब्जनी गरेर बसको छ । यसरी अतिक्रमण गरेर बसेको घरधुरी जम्मा ३८ वटा छन् र यसलाई हटाउने विभिन्न प्रयास पनि भइरहेको छ जसको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६० : अतिक्रमणको विस्तृत विवरण**

| अतिक्रमणको किसिम | संलग्न घरधुरी | कहिले | स्थानको नाम | नियन्त्रण गर्न गरिएको प्रयास |
|---|---|---|---|---|
| घर बनाएका | ७ | १५ वर्ष देखी | ठाड वजार देखी अनारखोली सम्म | छैन |
| खनजोत गरेका | १४ | नखुलेको | पा.न.पा का विभिन्न स्थानहरुमा | छैन |
| घर बनाएका | २७ | नखुलेको | पा.न.पा का विभिन्न स्थानहरुमा | छैन |
| जम्मा | ३८ | | | |

*स्रोत : फिल्ड सर्वेक्षण*

# खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थितिः

## ९.१ मानव विकास सूचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन । यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन,२०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार बैतडी जिल्लाको मानव विकास सूचकाङ्क०.४१६ ( नेपालको ०.४९०) रहेको छ। अर्थात् बैतडी जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ।

**तालिका नं. ६१ : मानव विकास सूचकको विवरण**

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६ | ११६० | ०.४०९ | ०.४९० |

*स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.३ मानव विकास र गरीबी :

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ।भने बैतडी जिल्लाको गरिविको दर ३३.१ प्रतिशत रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६२ : गरीबीको दरको विवरण :**

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता ( प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) |
|---|---|---|---|
| १४४ | ३६.८३ | ८.८९ | ३.१३ |
| | ३३.१ | | |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०६७*

## ९.४ गरिबी न्यूनीकरण :

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगार सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न सिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति :

राष्ट्रिय जनगणना २०६८ अनुसार ३०,४३५ जनताको बसोबास भएको नगरपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत नगरपालिकाकानिर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा नगरपालिकाबासीहरूको मानवविकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा नगरपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी दलित जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा तथा पाइप प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ७६.३१ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा मूल धारा प्रयोग गर्नेको संख्या ७.३२ प्रतिशत देखिन्छ। त्यस्तै, खुला इनार तथा कुवा प्रयोग गर्ने ३.२४ प्रतिशत, नदी तथा खोला

प्रयोग गर्ने ४.३० प्रतिशत देखिन्छ । सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो नगरपालिका बैतडी जिल्लाका अन्य नगरपालिकाहरुको तुलनामा केही अगाडी रहेको देखिन्छ।सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौजिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै नगरपालिकाबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यवहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्को तिर मा.वि. र उच्च मा.वि.को शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षा देखिएको निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन । यस नगरपालिकापालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।

**तालिका नं. ६३ : नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको विवरण :**

| क्र.स | नामथर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | केशव वहादुर चन्द | नगर प्रमुख | | |
| २ | सरस्वती कोली | नगर उपप्रमुख | | |
| वडा नं. १ का निर्वाचित प्रतिनिधहरू | | | | |
| ३ | गणेश प्रशाद भट्टराई | वडा अध्यक्ष | | |
| ४ | शेर सिह वोहरा | वडा सदस्य | | |
| ५ | राधी लुहार | ” | | |
| ६ | दलीराम वि.क | ” | | |
| ७ | सेतु चन्द | ” | | |
| वडा नं. २ का निर्वाचित प्रतिनिधहरू | | | | |
| ८ | महेश प्रशाद पन्त | वडा अध्यक्ष | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | सावित्रि ऐर | वडा सदस्य | | |
| १० | राजमती कोली | ” | | |
| ११ | दिपक प्रशाद पन्त | ” | | |
| १२ | पदम राज पाण्डेय | ” | | |
| वडा नं. ३ का निर्वाचित प्रतिनिधहरू | | | | |
| १३ | परेन्द्र सिह विष्ट | वडा अध्यक्ष | | |
| १४ | भिम दत्त भट्ट | वडा सदस्य | | |
| १५ | धर्मानन्द अवस्थी | ” | | |
| १६ | कलु लुहार | ” | | |
| १७ | पदम विष्ट | ” | | का.पा.सदस्य |
| वडा नं. ४ का निर्वाचित प्रतिनिधहरू | | | | |
| १८ | दिपक विष्ट | वडा अध्यक्ष | | |
| १९ | द्रोपती लावड | वडा सदस्य | | |
| २० | नारद ऐर | ” | | |
| २१ | शिद्ध राज भट्ट | ” | | स.स.स.अ |
| २२ | सुनिता ओड वि.क | ” | | का.पा.सदस्य |
| वडा नं. ५ का निर्वाचित प्रतिनिधहरू | | | | |
| २३ | फुनी वोहरा | वडा अध्यक्ष | | |

| | | | | |
|---|---|---|---|---|
| २४ | द्रोपती लुहार | वडा सदस्य | | |
| २५ | ललित सिह ठगुन्ना | ” | | |
| २६ | नरेन्द्र वहादुर चन्द | ” | | |
| २७ | वसन्ती ठगुन्ना | ” | | का.पा.सदस्य |
| वडा नं. ६ का निर्वाचित प्रतिनिधहरू | | | | |
| २८ | राजेन्द्र सिह विष्ट | वडा अध्यक्ष | | |
| २९ | अजव सिह विष्ट | वडा सदस्य | | |
| ३० | करन सिह कठायत | ” | | |
| ३१ | लिला कोली | ” | | |
| ३२ | डम्मरी भट्ट | ” | | |
| वडा नं. ७ का निर्वाचित प्रतिनिधहरू | | | | |
| ३३ | ललित वहादुर चन्द | वडा अध्यक्ष | | |
| ३४ | कर्ण सिह वेला | वडा सदस्य | | |
| ३५ | विन्दु चन्द | ” | | |
| ३६ | विस्ना दमाई | ” | | |
| ३७ | विर वहादुर ठगुन्ना | ” | | |
| वडा नं. ८ का निर्वाचित प्रतिनिधहरू | | | | |
| ३८ | पृथ्वी राज पन्त | वडा अध्यक्ष | | |
| ३९ | राजेन्द्र सिह महरा | वडा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| ४० | कलावती ऐर | ” | | |
| ४१ | जय सिह महरा | ” | | |
| ४२ | गंगा दमाई | ” | | |
| वडा नं. ९ का निर्वाचित प्रतिनिधहरू | | | | |
| ४३ | लोक वहादुर भण्डारी | वडा अध्यक्ष | | |
| ४४ | सुनीता भट्ट | वडा सदस्य | | का.पा.सदस्य |
| ४५ | ईन्द्र सिह वोहरा | ” | | |
| ४६ | राम सिह भाट | ” | | |
| ४७ | सरु लुहार | ” | | |
| वडा नं. १० का निर्वाचित प्रतिनिधहरू | | | | |
| ४८ | देवेन्द्र कुवर | वडा अध्यक्ष | | |
| ४९ | नर वहादुर महरा | वडा सदस्य | | |
| ५० | जयन्ती पन्त | ” | | |
| ५१ | रमेश प्रशाद पन्त | ” | | |
| ५२ | विमला सार्की | ” | | का.पा.सदस्य |
| कार्यपालिका सदस्यहरु | | | | |
| ५३ | मनी राम लुहार | कार्यपालिका सदस्य | | |
| ५४ | लाली राम लुहार | ” | | |

| | | | | |
|---|---|---|---|---|
| ५५ | पदम विष्ट | ” | | |
| ५६ | सुनिता ओड वि.क | ” | | |
| ५७ | वसन्ती ठगुन्ना | ” | | |
| ५८ | वल्देवराम लुहार | ” | | |
| ५९ | विमला सार्की | ” | | |
| ६० | सुनिता भट्ट | ” | | |

**तालिका नं. ६४ : नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुको विवरण :**

| क्र.स | कर्मचारीको नामथर | पद | संम्पर्क नम्बर | **कैफियत** |
|---|---|---|---|---|
| १ | रबिन अधिकारी | कार्यकारी अधिकृत | ९८५८७२२१११ | |
| २ | लक्ष्मि दत्त भट्ट | लेखापाल | ९७४९५०२१६७ | |
| ३ | प्रेम सिह विष्ट | ना.सु | ९८४८८७४२६६ | |
| ४ | पदम राज भट्ट | ईन्जिनियर | | |
| ५ | महेश प्रशाद भट्ट | आई.टी.अधिकृत | | |
| ६ | मोहन सिह मडै | सव ईन्जिनियर | | |
| ७ | दिनेश कुमार ऐर | सव ईन्जिनियर | | |
| ८ | शंकर दत्त अवस्थी | सव ईन्जिनियर | | |
| ९ | डम्वर दत्त पन्त | प्रा.स/लेखा सहायक | ९८६८६५६१३० | |
| | तर्क राज भट्ट | खरिदार | ९८४८८७६१८५ | |

| | | | | |
|---|---|---|---|---|
| १० | | | | |
| ११ | कृष्ण दत्त भट्ट | का.स | | |
| १२ | विनोद सिह के.सी | हेभी सवारी चालक | ९८६८८०२८८८ | |
| १३ | सुरेन्द्र सिह धामी | अपरेटर | ९८४८७७४४४६ | |
| १४ | अर्जुन सिह वोहरा | सवारी चालक | ९८४८८५१३४८ | |
| १५ | प्रकाश कुमाल | स्वीपर | ९८१२७०८३३० | |
| १६ | विनोद प्रशाद कलौनी | स्वीपर | ९८४८६८६२७२ | |
| १७ | राम दत्त भट्टराई | का.स | ९८४८८५३२८७ | |

**वडा कार्यालयमा कार्यरत कर्मचारी विवरण :**

| | | | | |
|---|---|---|---|---|
| १ | **डम्वर दत्त पाण्डेय** | **वडा सचिव** | **९८६५७३५९०८** | |
| २ | शंकर दत्त पन्त | वडा सचिव | ९८४८८०३००८ | |
| ३ | डम्वर दत्त पन्त | वडा सचिव | ९८४८८०४७२० | |
| ४ | वसन्ती कुमारी जोशी | वडा सचिव | ९८४८७५००७९ | |
| ५ | विर सिह ठगुन्ना | वडा सचिव | ९८४८८३६७०७ | |
| ६ | मोहन देव जोशी | वडा सचिव | | |
| ७ | तेज वहादुर चन्द | वडा सचिव | ९७४९५२७३२७ | |
| ८ | सुन्दर सिह वोहरा | वडा सचिव | | |
| ९ | राजेन्द्र प्रशाद भट्ट | वडा सचिव | ९८६८७०६४२० | |
| १० | पदम राज भट्ट | वडा सचिव | ९८६८७८५३६२ | |

| | | | | |
|---|---|---|---|---|
| ११ | विर सिह ठगुन्ना | प्राविधिक सहायक | ९८४८८३६७०७ | |
| १२ | डम्मर दत्त पाण्डेय | प्राविधिक सहायक | ९८६५७३५९०८ | |
| १३ | दामोदर भट्ट | प्राविधिक सहायक | ९८४८७४९७८७ | |
| १४ | गणेश वहादुर चन्द | प्राविधिक सहायक | ९८४८७४६७६१ | |
| १५ | धन वहादुर कुवर | प्राविधिक सहायक | ९८४८७८५३६२ | |
| १६ | किर्ति वहादुर विष्ट | प्राविधिक सहायक | ९८०३४७१७७० | |
| १७ | महेश दत्त भट्ट | प्राविधिक सहायक | ९८४८९०३१५७ | |
| १८ | आनन्द सिह महरा | प्राविधिक सहायक | ९७४९५२७५३३ | |
| १९ | डम्वर दत्त पन्त | प्राविधिक सहायक | ९८६८६५६१३० | |
| २० | कवि राज भट्टराई | का.स | | |
| २१ | लक्ष्मण सिह ऐर | का.स | ९८४८८०४६५१ | |
| २२ | जय सिह भाट | का.स | | |
| २३ | धर्म सिह महरा | का.स | ९८४८७१६१८५ | |
| २४ | लक्ष्मण सिह भण्डारी | का.स | ९८६८५७३६३७ | |
| २५ | मन्धिर सिह विष्ट | का.स | ९८६५९०३५८४ | |
| २७ | हरि दत्त भट्ट | का.स | ९८६८५३४२७४ | |
| २८ | लिलाधर भट्ट | का.स | ९८६८५३४२७४ | |
| २९ | कलावती महरा | का.स | ९८४८७८७२५० | |
| ३० | शिव राज भट्ट | का.स | ९८०६४७५८३१ | |

**स्वास्थ्य अन्तर्रगतका कर्मचारी**

| | | | | |
|---|---|---|---|---|
| **१** | **मदन सिह महरा** | **स्वास्थ्य संयोजक** | | |
| २ | विर वहादुर खाती | स्वास्थ्य सह संयोजक | | |

**शिक्षा अन्तर्रगतका कर्मचारी**

| | | | | |
|---|---|---|---|---|
| **१** | **विष्णु दत्त भट्ट** | **श्रोत व्यात्ति** | | |
| २ | गणेश दत्त पन्त | श्रोत व्यात्ति | | |

**पशु सेवा अन्तर्रगतका कर्मचारी**

| | | | | |
|---|---|---|---|---|
| **१** | **उद्धव वहादुर ऐर** | **पशु चिकित्सक** | | |
| २ | पदम सिह भण्डारी | | | |
| ३ | शिव राज भट्ट | पशु प्राविधिक | | |
| ४ | विसन सिह विष्ट | | | |

**कृषि सेवा अन्तर्रगतका कर्मचारी**

| | | | | |
|---|---|---|---|---|
| **१** | **प्रकाशचन्द्र भट्ट** | **वागवानी विकास अधिकृत** | | |